संघर्ष, स्वाभिमान र स्वावलम्बन
# सहारा टाइम्स
SAHARA TIMES NATIONAL FORTNIGHTLY
www.saharatimes.com.np
राष्ट्रिय पाक्षिक

● वर्ष १५, ● पूर्णाङ्क ३१०, ● अंक ३ ● २०८० साल कात्तिक १-१५ गते (18 Oct., 1 Nov., 2023) ● मूल्य रु. १०



# ८४ को सन्त्रास

- २०७९ मा वैकल्पिक शक्तिहरुको उदय भएपछि काँग्रेस, माओवादी केन्द्र, एमाले, नेकपा (एस), जसपा, लोसपा, राप्रपालगायतका दलहरु भयभित भएका छन्
- जनमत पार्टीका अध्यक्ष राउतले उपेन्द्र यादवको विरासत हलाई दिनुभयो। उपेन्द्र यादवलाई सप्तरीको चुनावमा सिके राउतले स्वयं पराजित गर्नुभयो
- मधेश आन्दोलन सकेपछि पटक पटक सत्तामा जानुभयो। २०७४ पछि मधेश प्रदेशमा उपेन्द्र यादवकै पार्टीले नेतृत्व गर्दै आएको छ। त्यो ५० लाख रुपियाँ सहिद परिवारले अहिलेसम्म किन पाएन त भनि अभियन्ता रामरिझन यादवले गर्नुभयो




२०८४ को आमचुनाव आउन झण्डै चार वर्ष बाँकी छन् तर साना ठूला सबै त्यो चुनावको तयारीमा जुटिसकेका छन्। २०८४ को चुनाव लिएर सबै दल त्रसित छन्। २०७९ मा वैकल्पिक शक्तिहरुको उदय भएपछि काँग्रेस, माओवादी केन्द्र, एमाले, नेकपा (एस), जसपा, लोसपा, राप्रपालगायतका दलहरु भयभित भएका छन्।

२०८४ मा अझै के हुने भनि त्रास सबै दलमा देखिन्छन् र त्यसलाई टार्गेट गरेर अहिलेदेखि नै ती दलहरु तयारी गरिरहेका छन्। रवि लामिछने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी, डा.सिके राउत नेतृत्वको जनमत पार्टी, रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीलगायतका नयाँ पार्टीहरुले काँग्रेस, माओवादी, एमाले, लोसपा, जसपा जस्ता दलहरुको जग हलाई दिएका छन्। २०७९ मा दिएको एउटै झटकाले ती दलका नेताहरुलाई बेचैन बनाई दिएको छ।

समाजिक अभियन्ता एवं लेखक रामरिझन यादवले भन्नुभयो, २०७९ को चुनावमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई चितवनको आफ्नो क्षेत्र छाड्न बाध्य बनायो जब कि त्यहाँ दुई कार्यकालदेखि उहाँका छोरी रेणु दाहाल मेयर हुनुहुन्छ त्यस अवस्थामा चितवन छाडेर गोरखा जानुभयो, वैकल्पिक शक्तिबाट अहिलेका पुराना दलहरु कसरी डराएका छन् यसबाट पुष्टि हुन्छ।'

जनमत पार्टीका अध्यक्ष राउतले उपेन्द्र यादवको विरासत हलाई दिनुभयो। उपेन्द्र यादवलाई सप्तरीको चुनावमा सिके राउतले स्वयं पराजित गर्नुभयो। सप्तरीबाट हारेपछि बारामा चुनाव लड्न जानु भएका उपेन्द्र यादवलाई त्यहाँ पनि सिके राउतले हालत खराब गर्नुभएको थियो। जसपाका अध्यक्ष उपेन्द्र यादव मधेश आन्दोलनबाट जन्मिनु भएका नेता हुनुहुन्छ। उहाँलाई उहाँका कार्यकर्ताले मधेशको मसिहा भन्नुहुन्छ। मधेश आन्दोलनमा ज्यान गुमाउने परिवारलाई ५० लाख रुपियाँ दिने घोषणा उपेन्द्र यादव, महन्थ ठाकुरलगायतका मधेशी नेताले गर्नुभएको थियो। मधेश आन्दोलन सकेपछि पटक पटक सत्तामा जानुभयो। २०७४ पछि मधेश प्रदेशमा उपेन्द्र यादवकै पार्टीले नेतृत्व गर्दै आएको छ। त्यो ५० लाख रुपियाँ सहिद परिवारले अहिलेसम्म किन पाएन त भनि अभियन्ता रामरिझन यादवले गर्नुभयो।

यिनै दलहरुको हाली मुहाली स्थानीय तहमा छन्, त्यहाँ भइरहेको भ्रष्टाचार अनियमितताका बारेमा काँग्रेस, माओवादी, एमाले, जसपा, लोसपाका नेताहरुले कहिले केही बोल्नु भएको छ ? त्यहाँ भएको भ्रष्टाचार, केन्द्रमा भइरहेको भ्रष्टाचारको जिम्मा ती दलका नेताहरुले लिनुहुन्छ त भनि प्रश्न जनताले गर्न थालेका छन्। त्यसको सही जवाफ नआएको कारणले जनता विकल्प खोज्न थालेपछि आफूलाई ठूला दल मनाउँदा नेताहरु ८४ को नाम सुन्दा तर्सिन थालेका छन्। अहिले त ती नेताहरुलाई ८४ साल नआइ दिए हुन्थ्यो जस्तो लाग्न थालेका छन्।

कसैले मिसन ८४ चलाई रहेका छन् भने कसैले तीन महिना अभियान त कसैले संगठन सुदृढीकरण अभियान चलाएर जनताभित्र छिर्ने प्रयास गरिरहेका छन्। अगामी चुनावमा यी ठूला भनाउँदा दलहरुको हालत खराब हुने निश्चित छ भने कुरा थाह पाएर नै ८४ का लागि मिसन चलाई रहेका छन्।


राजनीतिक विश्लेषक चन्द्रकिशोरले भन्नुभयो, 'अहिलेको यथास्थिति अवस्थाप्रति जनतामा उकुस मुकुस छ, त्यो उकुस मुकुसले धेरैलाई डुबाउने बाला छ।' पुराना दलहरुलाई आफ्नो अस्तित्व बचाउनमा चिन्ता छ, अहिलेको जे अवस्था छ त्यति

बाँकी पृष्ठ ८ मा

बडा दशैँको शुभकामना
स्वास्थ्य नै धन हो
महान विजया दशमी, शुभदीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी, विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछौं। तपाईहरुको सुस्वास्थ्य र समृद्धिका लागि माँ दुर्गासँग प्रार्थना गर्दछौं।
SWASTIK HOSPITAL PVT LTD Estd: 2078 LAHAN-3
स्वास्तिक होस्पीटल प्रा.ली
सिरहा, लहान-३
यहाँ हरेक प्रकारको गुणस्तरीय स्वास्थ्य जाँच विशेषज्ञ डाक्टरहरुबाट गरिन्छ। समयमा आफ्नो स्वास्थ्य जाँच गराई स्वास्थ्यप्रति ढुक्क रहनुहोस्।

बडा दशैँको शुभकामना
विजया दशमी २०८० को सुखद अवसरमा पाठक वर्ग, विज्ञापन दाता तथा देश विदेशमा रहेका सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सहारा टाइम्स परिवार

## यस भित्र


दशैं, तिहार छठ र नेपालको अर्थराजनीति
● लेख, पृष्ठ ४


माओवादीले मधेशीको मन जित्न सकेको छैन
● अन्तरवार्ता, पृष्ठ ५


संगिता यादव जसले मान्नुभयो स्ट्रगललाई पनि अवसर
● मध्यपृष्ठ, पृष्ठ ६


डायनको प्रभाव कम गर्न झिझिया नृत्य
● पृष्ठ ९


शिवनारायणले शिक्षाका लागि गर्नुभएको संघर्ष
● पृष्ठ १०

## अभिमत

# सम्पादकीय

## सद्भावसहित चाडपर्व मनाऔं

नेपाल बहुभाषिक, बहुसाँस्कृतिक भएको देश हो । यहाँ जात, भाषा, समुदायमा विविधता भए जस्तै चाडपर्व, काला, कौशल, सँस्कृतिमा पनि विविधता रहेका छन् । राष्ट्रिय जनगणना २०७८ मा जातजातीको सँख्या १४२, मातृभाषा सँख्या १२४, धर्मको सँख्या १० कायम गरिएको छ । त्यसमध्ये सबभन्दा बढी ८१.१९ प्रतिशत जनसँख्याले हिन्दु धर्मलाई मान्छन्, त्यसपछि बौद्ध ८.२१, इस्लाम ५.०९, किराँत ३.१७, क्रिश्चयन १.७६, प्राकृतिक ०.३५, बोन ०.२३, जैन र शिख ०.०१ प्रतिशत र बहइको सँख्या ५३७ रहेका छन् । दुई करोड ९१ लाख ६४ हजार जनसँख्या भएको देशमा जातजातीको सँख्या १४२ र धर्मको सँख्या १० हुनु कम्ती होइन । यसले नै नेपाल कस्तो विविधता भएको देश हो भनि झल्किन्छन् । नेपाललाई त्यतिकै चार जात छत्तिस वर्णको साझा फुलबारी भनेको होइन । यी सबै नेपालरूपी बगैचामा रहेका विभिन्न फूलहरू हुन् ।

जसरी एउटा बगैचामा विभिन्न फूलले सुन्दरता दिइएका हुन्छन् त्यस्तै नेपालमा रहेका विभिन्न जातजाती, धर्मका व्यक्तिका कारण नेपाल सुन्दर देखिएको हो । ती सबै जात समुदाय तथा धर्मको आआफ्नै चाडपर्व हुन्छ, आआफ्नै रिती रिवाज हुन्छ । एउटा समुदाय तथा धर्मको पर्वका अर्को समुदाय तथा धर्मका व्यक्ति सघाई रहेका हुन्छन् त्यसमा रमाई रहेका हुन्छन् । एक अर्काको पर्वमा अथिती भएर गएका हुन्छन् । हिन्दुले मनाउने चाड पर्वमा मुस्लिम, क्रिश्यचन, किराँतलगायतका धर्म मान्नेहरू रमाई रहेका हुन्छन् । मुसलमानहरूले मनाउने इदमा हिन्दुहरू रमाइरहेका हुन्छन् ।

नेपालको यो सबैभन्दा सकारात्मक पक्ष हो तर पछिल्लो समय धर्म-धर्मको बीच, समुदाय-समुदायको बीचमा रहेको सद्भाव र भाइचारा बिगार्ने प्रयास भइरहेका छन् । कतै हिन्दु-मुस्लिम बीच भिडाई रहेको हुन्छ भने कतै इसाई-हिन्दुबीच भिडाई रहेको छ । स्वार्थ समूहले एक अर्काको धर्मप्रति घृणा फैलाउने काम गरिरहेका छन् । यस्तो काम कुनै सच्चा हिन्दु वा मुस्लिम गरेका छैन, धर्मका ठेकेदारहरूले त्यस्तो गराई रहेका छन् । नत्र हिन्दुले गणेशको मुर्ती बिसर्जन गर्न जाँदा त्यसमा ढुगां प्रहार गर्ने मुसलमानबाट कदापी हुनसक्दैन्थ्यो । बरू मुस्लिमहरू पनि 'गणपती बापा मोरिया' नारा लगाउँदै मुर्ती बिसर्जन गर्न जान्थे ।

एउटा कुनै मुस्लमानले हिन्दुको बारेमा समाजिक सञ्जालमा लेख्दैमा त्यसका लागि अन्य मुस्लिमको घर तोडफोड जादैन्थे । एउटा कुनै मुसलमानले समाजिक सञ्जालमा लेख्दैमा त्यसको दोषी सबै मुसलमान हुन सक्दैन । सद्भाव बिगार्न केही तत्वहरूले आफ्नो व्यक्तिगत स्वार्थ पुरा गर्नका लागि यी सब गरिरहेका छन् । सरकारले यस्ता तत्वलाई पहिचान गरी कारवाही गर्नुपर्छ । नेपालकै सबभन्दा महत्वपूर्ण र महान चाड दशैं सुरू भएको छ । त्यसपछि तिहार, छठलगायतका पर्वहरू पनि आउँदैछन् । यी पर्वहरू हिन्दुले धुमधामका साथ मनाउने गरिन्छ । जताततै चहल पहल हुन्छन् । गाउँघर, शहर बजारहरूमा भव्य मेला लागेका हुन्छन् । धार्मिक अनुष्ठान, मेलापात, गीत नाचगानहरू भइरहेका हुन्छन् । यस्तोमा उत्शृङ्खल समूहले दुई समुहको बीचमा भिडाउने प्रयास गर्न सक्छ । एक अर्कालाई उकास्ने काम गर्न सक्छ । सद्भाव बिगार्ने प्रयास गर्न सक्छ । समाजिक सञ्जालको दुरूपयोग गरी एक अर्कामाथि गाली गलौज गर्न सक्छ । यस्तो अवस्थामा सचेत रहन आवश्यक हुन्छ । राज्यले पनि त्यस्ता समूहमाथि निगरानी राख्नुपर्छ । शंका लाग्ने बित्तिकै नियन्त्रणमा लिनुपर्छ । हिन्दुको चाडपर्व भएपनि यसमा सबै धर्मका मान्छेहरू सहभागी हुन्छन् पर्व मनाई रहेका हुन्छन् । त्यस्तै सद्भाव कायम राख्न आवश्यक छ ।

## तथ्यांक आफै बोल्छ

| जनगणना वर्ष (वि.सं) | जनसंख्या | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) | जनघनत्व (जनसंख्या प्रतिवर्ग किलोमिटर) |
|---|---|---|---|---|
| १९६८ | ५६,३८,७४९ | ....... | ....... | ३८ |
| १९७७ | ५५,७३,७८८ | ....... | -०.१२ | ३८ |
| १९८७ | ५५,३२,५७४ | ...... | -०.०७ | ३८ |
| १९९८ | ६२,८३,६४९ | ...... | १.२७ | ४३ |
| २००९/११ | ८२,५६,६२५ | ९६.८ | २.७३ | ५६ |
| २०१८ | ९४,१२,९९६ | ९७.० | १.३१ | ६४ |
| २०२८ | १,१५,५५,९८३ | १०१.४ | २.०५ | ७९ |
| २०३८ | १,५०,२२,८३९ | १०५.० | २.६२ | १०२ |
| २०४८ | १,८४,९१,०९७ | ९९.५ | २.०८ | १२६ |
| २०५८ | २,३१,५१,४२३ | ९९.८ | २.२५ | १५७ |
| २०६८ | २,६४,९४,५०४ | ९४.२ | १.३५ | १८० |
| २०७८ (प्रारम्भिक) | २,९१,९२,४८० | ९५.९ | ०.९३ | १९८ |

# पाठक पत्र

saharatimes.com.np@gmail.com




### चित्रलेखालाई फँसाउने काम

'चित्रलेखाको दरबारमा चिनियाँ क्याम्प' (वर्ष-१४, अंक-२३) भनि समाचार पढे । यो समाचार लेख्ने पत्रकार भारतीय हो या चित्रलेखा यादवको विरोधी । चित्रलेखा यादवले आफ्नो घर भाडामा दिनुभएको छ । आफ्नो घर भाडा दिन मिलिहाल्छ । भाडा लिएर भाडेदारले के गर्छन्, कहाँ जान्छ त्योसँग घर मालिकलाई कुनै मतलब हुँदैन । उसलाई आफ्नो भाडासँग मतलब हुन्छ । तर यो समाचार पढ्दा चित्रलेखालाई जानीजानी फँसाउने काम गरेको छ ।

*मनोज साह (फेसबुकबाट)*

### महिलाप्रति आशावादी

कति पढेका छन् महिला सांसदहरु ? भनि समाचार पढ्दा महिलाको शिक्षाप्रति मेरो भरोसा जागेको छ । बाहिरबाट हेर्दा अनपढहरु संसदमा गएका छन् जस्तो लाग्छ । बेलाबेलाम हामीले गाली पनि गरिरहेका हुन्छौं । तर पत्रिकामा तथ्यांक पढ्दा मलाई सन्तोष लागेको छ । प्रतिनिधिसभामा ९१ जना महिला सांसद छन् । त्यसमध्ये २५ जनाले स्नातकोत्तर गर्नुभएको र तीन जनाले विधाविराधी नै गर्नुभएको छ । यो कम्ती ठूलो कुरा होइन । मलाई म महिला छु भनि आज गर्व लागेको छ । म आशा गर्छु पढे लेखेका महिलाहरु छन् भने त्यही अनुसार आआफ्नो क्षमता देखाउनुपर्छ ।

*सुनिता साह, नेपाल मेडिकल कलेज सिनामंगल*

### सुकिला मुकिला परिवारका महिला

पार्टीमा ३३ प्रतिशत उम्मेदवार बनाउने बाध्यता भएको कारणले यो सँख्यामा पनि महिलालाई देख्न पाइएको छ । समानुपातिक सीटको कलस्टरमा पहिलो नम्बरमै महिला हुन्छ । समानुपातिक मत यदि आयो भने एक नम्बरमा महिला नै हुन्छ । यस्तो प्रावधान भएको कारणले कम्तीमा महिलाको सँख्या यो रुपमा देखिएका हो । प्रतिनिधि सभामा नौ जना महिला प्रत्यक्ष चुनाव जित्नु भएको हो अरु बाँकी ८२ जना महिला समानुपातिकबाट नै आउनु भएको हो ।

समानुपातिकबाट आएको कारण पढे लेखेका महिलाको सँख्या बढेको हो । समानुपातिक भने चिज पढे लेखेका, सुकिला मुकिला, धनी परिवारका सदस्यले नै पाउने हो । जो पढे लेखेका हुन्छन्, चलाख हुन्छन् पार्टी नेतृत्व समक्ष पहुँच पुर्‍याएका हुन्छन् । त्यस्तैले नै पाउने हो समानुपातिक सीट । गरिब, गाउँघरका निरक्षर महिलासम्म त्यो समानुपातिको सीट पुग्नै सक्दैन । अनि पढे लेखेको सँख्या यतिको मात्रामा देखाएको हो ।

*अजय यादव, वीरगञ्ज, घण्टाघर, पर्सा*

### महन्थलाई फरक नपर्ने कुरा

लोसपा तमलोपा होइन भने कुरा सहारा टाइम्सलाई अझै भ्रम रहेको जस्तो लाग्छ । आदरणीय महन्थ ठाकुरजी तमलोपा फोबियाबाट कहिले मुक्त रहनु भएन । काँग्रेस छाडेर आएपछि तमलोपा गठन गर्नुभयो । त्यसपछि उहाँ तमलोपाबाट कहिले मुक्त हुनु भएन । राजपा नेपाल गठन गर्दा पनि उहाँले २२ महिनासम्म तमलोपाको स्टाइलमा पार्टी चलाउनु भयो । त्यो स्टाइल राजेन्द्र महतोहरुलाई नपचेपछि बाध्य भएर अध्यक्षमण्डलको संयोजकबाट उहाँलाई हटाएको थियो । त्यसको केही दिनमै उपेन्द्र यादवको पार्टी समाजवादी पार्टीसँग राजपा नेपालको एकीकरण भयो । जसपा पनि तमलोपाको स्टाइलबाट चलाउन खोज्दा उपेन्द्र यादवले कारवाही गरेर निकाल्नुभयो । अहिले लोसपालाई पुरै तमलोपा बनाई सक्नुभएको छ । उहाँले अब आफू बाँचुञ्जेलसम्म तमलोपा जस्तै एउटा पार्टी चलाउनु हुन्छ । अरु जसले जे भने पनि केही हुने बाला छैन । अस्ति बसेको पार्टीका कार्यकारिणी समितिको बैठकमा राजेन्द्र महतोले निकै ठूला ठूला कुरा गर्नुभयो । अध्यक्ष ठाकुरको खुलेर विरोध गर्नुभयो । तर त्यो कुराले महन्थजीलाई कुनै फरक पर्नेबाला छैन ।


*शैलेन्द्रराय यादव, त्रिवि किर्तिपुर,*

### सरिता मधेशको सान

सरिता साह मधेशको शान हो । उहाँको गीत, संगित, नाटक, फिल्म हेर्ने गरेको छु । उहाँले हरेकमा केही नकेही सन्देश दिनुभएको छ । खासगरि मधेशमा देखिएको विकृति विसंगति, अन्याय, अत्याचार, भ्रष्टाचारका विषयवस्तु उहाँको हुन्छ । नागरिकताको विषयमा एउटा नाटक बनाउनु भएको थियो । मधेशका लागि त्यो संजिविनीबुटी नै थियो । काशी देवी पनि उत्कृष्ट नै थियो । फगुनियाँ लाजवाव नै हो । 'द नोटबुक' अंग्रेजी नाम भएपनि यसले कोर मधेशको सन्देश दिएको छ । सरितालाई मधेशको रत्न घोषणा गर्न ढिलो गर्नुहुँदैन । मधेशका लागि हिरा हो । मधेशलाई आफ्नो कलाकारितामार्फत चिनाउने कामै कलाकार हुन्छ त्यसमध्येको एक हुनुहुन्छ सरिता साह । उहाँले पनि आफ्नो समाज, घरपरिवारमा विभिन्न पिडा भोग्नु भएको छ त्यही भएर आज उहाँको कलाकारितामा त्यो झल्किन्छ ।

*विजय महतो, काठमाडौं, कोटेश्वर महादेवस्थान*

# फेसबुक



**शैलेन्द्र क्रान्ति**

जनप्रतिनिधि जनताका सेवक हुन् । जसले पदको गरिमा भाव बुझे उ दोहर्याएर जितेका छन् । जित्ने छन् । पदमा हुँदा वा नहुँदा पनि उत्तिकै जनतामा मानसम्मान पाउँछन् । तर जो आफूलाई शासक बुझे पतन हुने स्थितिमा पुगे । पदमा हुँदा मालिक र शासक जस्तो जनतालाई अहंकार देखाउने थुप्रै पालिका प्रमुख, सांसद, वडाध्यक्षहरु गत चुनावमा धरातलमा ढले । अहिले सडकमा हिड्दा जनता हेरेर बाटो काट्छन् । कुनै वास्तै नगरेको आफ्नै आँखाले हेरिरहेको छु ।



**पंकज दास**

भ्रष्टाचारको आरोपमा उपेन्द्र यादव पार्टीका आधा दर्जन मेयरहरू, जसमा चार जना उनकै गृह जिल्ला सप्तरीका मात्रै छन्, बर्खास्त भई सके । उनका सबैभन्दा भरोसेमन्द मधेश प्रदेशका पूर्व मन्त्री विजय यादव पनि भ्रष्टाचारमा मुछिए । यसो हेर्दा पार्टीको नाम जनता भ्रष्टाचारी पार्टी राखे कसो हुन्थ्यो ?



**वैद्यनाथ यादव**

यतिबेला खासगरी नेकपा माओबादी केन्द्र जनतासँग विशेष रुपान्तरण अभियान अन्तर्गत वडा वडामा छन् । नेतृत्वले सप्तरीको स्थानीय तहमा माओवादीबाट निर्वाचित जनप्रतिनिधिले आ आफनो वडा, गापा/ नपामा आ.ब. २०७९/०८० मा चलाएको बजेटको एउटा उदाहरणीय काम मात्रै सार्वजनिक गरिदिएको भए आमजनको माओवादीप्रति झन आकर्षण बढ्थ्यो होला । छिन्नमस्ता गापामा त उपाध्यक्ष नै जितेका छन् । उहाँले झण्डै ५ करोड बढी बजेट चलाउने सुनौलौ अवसर पाएकी छिन् ।

समाचार/विविध

# मधेशलाई मरुभूमी बनाउँदै चीन

चीनले तराई मधेशमा आफ्नो गतिविधिहरु तीब्र पारेका छ । भारतको सीमासँग टाँसिएको नेपालको मधेश क्षेत्रमा आफ्नो गतिविधि तीब्र पार्नु चीनका लागि रणनीतिक महत्वको कुरा होला तर तराई मधेशमा त्यसको नाकारात्मक असर पर्ने निश्चित छ । चीन अहिले विभिन्न माध्यमबाट मधेशमा प्रवेश गरिसकेको छ । त्यसरी प्रवेश गर्नुको मुख्य कारण हो भारत । नेपाल-चीन मामिलाका एक जानकारले भन्नुभयो, 'भारतसँग नेपालको खुल्ला सीमा भएको कारण सो बाटो प्रयोग गर्न चीनलाई सजिलो हुने र भारतमाथि निगरानी पनि बढाउन सकिने भएकाले पनि चीन मधेशमा प्रवेश गर्न चाहेको हो ।'

पछिल्लो समय नेपाल-भारतको खुल्ला बोर्डरका कारण भारत छिर्न लाग्दा थुप्रै चिनियाँ नागरिक समातिएका छन् । यसले नै मधेशमा आफ्नो गतिविधि तीब्र गर्नुले चीनको नियत प्रष्ट भएको बुझ्न सकिने जानकारहरु बताउँछन् । पछिल्लो समय पूर्वपश्चिम (महेन्द्र) राजमार्गलाई मर्मत गर्ने नाममा मधेशमा चिनियाँको चहल पहल निकै बढेका छन् ।

चिनियाँ रेल्वे कम्पनीले राजमार्ग चौडा गर्ने काम जारी राखेको छ । राजमार्गका लागि चाहिने गिटी बालुवाका लागि जथाभावी उत्खनन् गरिरहेको छ जसले गर्दा मधेशलाई मरुभूमी हुने टिप्पणीहरु भइरहेका छन् । चिनियाँ कम्पनीले राजमार्गका लागि चाहिने गिटी, बालुवा चुरे क्षेत्रबाट जथाभावी उत्खनन् गरी प्रयोग गरिरहेको छ । कुनै ठाउँमा सरकारसँग अनुमती लिएको छ कुनै ठाउँमा लिएको छैन । सरकारसँग अनुमती लिएको ठाउँमा पनि जथाभावी उत्खनन् गरेर तराई मधेशलाई चीनले मरुभूमी बनाउन लागेको टिप्पणी सुरु भएको छ ।

राजमार्गको ठेक्का पाएपछि चिनियाँ कम्पनीले त्यसका लागि चाहिने गिटी बालुवा कहाँबाट लिने भनि सरकारसँग अनुमती मागेको थियो । त्यसका लागि सिरहाको लहान खुट्टी खोलाबाट मापदण्ड अनुसार गिटी बालुवा झिक्नका लागि अनुमति दिएको थियो । त्यहाँ पनि मापदण्ड विपरित तहस नहस गरी ठूला ठूला खल्डो खनेर बालुवा गिटी झिकिरहेको छ ।

त्यस कामका लागि लहान नगरपालिका मेयर महेश चौधरीले गोप्य ढंगले अनुमति दिएको स्रोतले जनाएको छ । स्रोतले दावी गरे अनुसार लहान नगरपालिकाभित्र गिटी बालुवाबाट उत्खन्न गर्ने लगायत अन्य गतिविधि गर्न चीनबाट मेयर चौधरीले एक करोड रुपियाँ लिनु भएको छ । ती स्रोतले भन्यो, 'मेयर चौधरीले त्यसरी एक करोड रुपियाँ लिएपछि उपाध्यक्ष असन्तुष्ट बन्नुभएको थियो, दुवै जनाको बीचमा बोलचाल पनि बन्द थियो । त्यसपछि मेयर चौधरीले त्यसबाट १५ लाख रुपियाँ दिनुभएको थियो । त्यो कुराका खुलासा उहाँले नगरपालिकाको एउटा बैठकमा गर्नुभएको थियो ।'

त्यो बैठकमा मेयर चौधरीले आफूले चीनबाट लिएको एक करोड रुपियाँबाट १५ लाख रुपियाँ उपमेयरलाई पनि दिएको कुरा राखेपछि काँग्रेसका नेता पदमनारायण चौधरीका छोराले यस्तो कुरा पनि बैठकमा उठाउने हो भनि झपाड्नु भएको थियो । स्रोत भन्छ, त्यो बैठकमा पदमनारायण चौधरी, जिल्ला समन्वय समितिका सभापति दिनेश महतोलगायत माओवादी, एमाले, जसपाका नेताहरु पनि उपस्थित थिए ।

यसरी चीनले तराई मधेशका स्थानीय तहका प्रतिनिधिहरु तथा विभिन्न दलका नेताहरुलाई लोभ लालचमा पारेर आफ्ना गतिविधि बढाएको छ । त्यहाँका स्थानीय प्रतिनिधिको मिलोमतोमा चिनियाँ कम्पनीले जथाभावी उत्खनन् गर्ने काम जारी राखेको छ । त्यसले गर्दा तराई मधेशमा दीर्घकालिन रुपमा प्रभाव पार्ने जानकारहरुको बुझाई छ ।

यसरी चीनले जथाभावी उत्खनन् गर्दा पनि कसैले केही बोलेका छैनन् । त्यसको कारण हो, चिनियाँ कम्पनीले सबैलाई खरिद गरिसकेको छ जो बोल्छन् त्यसैलाई पैसा दिएर चुप गराउँछ, सिरहा नगरपालिकाका एक जना पूर्व स्थानीति जनप्रतिनिधिले भन्नुभयो, 'चुप गराउनका लागि जति पैसा खर्च गर्नुपर्छ उनीहरु गर्नका लागि तयार हुन्छ ।'

यत्रो विनाश भइरहेका छ, तर कोही बोल्दैन किन सहज बुझ्न सकिन्छ सबैलाई चुप गराइएको छ । लहानको खुट्टी खोला, धनगढीमाइमा नगरपालिमा गिटी, बालुवा जथाभावी उत्खनन् कार्य जारी राखेको छ तर कसैले आवाज उठाइ रहेको छैन । त्यसका लागि चिनियाँ कम्पनीले सिरहाको लहान र मिर्चैयामा आफ्नो क्याम्प खडा गरेको छ । त्यहाँबाट सबै कुरा परिचालन गरिरहेको बुझिएको छ ।

बाँकी पृष्ठ ८ मा

# जहाँ बाबुराम त्यही लफडा

अहिले नेपाली राजनीतिमा एउटा थेगो बनेको छ, 'जहाँ बाबुराम त्यही लफडा' । अर्थात नेपाल समाजवादी पार्टीका अध्यक्ष डा.बाबुराम भट्टराई जहाँ जुन पार्टीमा हुन्छ त्यहाँ लफडा हुने निश्चित हुन्छ । कुनै पनि पार्टीमा उहाँ न आफू चयनले बस्न सक्नु भयो न अरुलाई बस्न दिनुभयो । अहिले आफूले नेतृत्वको गरेको नेपाल समाजवादी पार्टी विवादमा फँसेको छ र पार्टी विभाजनको संघारमा पुगेको छ ।

जनयुद्धकालमा पनि माओवादीभित्र जहिले पनि लफडा गरिरहनु भएका बाबुराम शान्ति प्रकृयामा आइसकेपछि पनि माओवादीभित्र कुनै नकुनै बहानामा विवाद गरिरहनु हुन्थ्यो । कहिले पदका लागि त कहिले पार्टीको दस्तावेजका लागि । माओवादी शान्ति प्रकृयामा आएपछि प्रधानमन्त्री बन्नका लागि पार्टीभित्र गरेको लफडा कसैबाट लुकेको छैन । प्रधानमन्त्रीबाट हटेपछि उहाँले माओवादीको अध्यक्ष नै दावी गर्न थाल्नुभयो ।

प्रचण्डलाई हटाएर आफू अध्यक्ष बन्ने भनि पार्टीभित्र अनेक चक्रभ्यु रचन थाल्नुभयो । त्यो लफडा लामो समय चल्यो । प्रचण्डले कुनै पनि हालतमा पार्टीको नेतृत्व नदिएपछि उहाँ त्यहाँबाट अलग भएर नयाँ शक्ति पार्टी खोल्नुभएको थियो । तर त्यो नयाँ शक्ति पार्टी पनि चलाउन सक्नु भएन । पार्टी खोल्न साथ दिनुभएका नेताहरुले धमाधम उहाँको साथ छाड्न थाल्नुभयो । त्यसपछि उहाँले पार्टी चलाउन नसकेपछि उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालसँग एकीकरण गर्नुभयो ।

एकीकरण गर्दा उहाँले उपेन्द्र यादवको नेतृत्व स्विकार गर्ने बाबुरामले सहमति गर्नुभएको थियो । तर एकीकरण गर्ने बित्तिकै पार्टीमा संघीय परिषद् बनाउनु भयो र त्यसको अध्यक्ष आफू बन्नुभयो । परिषद्का अध्यक्ष पनि एक नम्बरको बरियताक्रममा राख्नुभयो । त्यसका लागि पनि पार्टीमा विवाद गर्नुभयो । समाजवादी पार्टीको पहिलो नम्बरको आफू अध्यक्ष रहेको उहाँले भन्न थाल्नुभएको थियो ।

उपेन्द्र यादवसँग त्यो विवाद चलिरहेकै बेला महन्थ ठाकुर नेतृत्वको राजपा नेपालसँग समाजवादी पार्टीको एकीकरण भयो र जनता समाजवादी पार्टी बन्यो । त्यो पार्टीमा पनि उपेन्द्र यादव र महन्थ ठाकुर दुवै जना अध्यक्ष बन्नुभयो । बाबुराम परिषद्को अध्यक्ष बन्नुभयो । त्यसमा पनि एक नम्बरका अध्यक्ष आफू रहेको बाबुरामले दावी गर्न थाल्नुभयो । त्यो दावीलाई न उपेन्द्रले स्विकार गर्नुभयो, न महन्थ ठाकुरले ।

त्यसपछि उहाँले उपेन्द्र यादव र महन्थ ठाकुरबिच झगडा लगाउनु भयो । महन्थ ठाकुरविरुद्ध उपेन्द्र यादवलाई उचालेर पार्टी विभाजन गराई दिनुभयो । महन्थ ठाकुरहरु पार्टीबाट निस्किेपछि त्यो ठाउँ आफूलाई चाहिने भनि पार्टीमा प्रस्ताव गर्न थाल्नुभयो । पार्टीमा दुईजना अध्यक्षको प्रावधान छ, महन्थ ठाकुर गइसकेपछि त्यो ठाउँमा आफूलाई राख्न उपेन्द्र यादवमाथि दबाव बढाउन थाल्नुभयो । तर उपेन्द्र यादवले एक जना मात्र अध्यक्ष रहने भनि अडानमा बस्नुभयो ।

अन्ततः सोही अडानका कारण बाबुराम पार्टी छाडेर निस्किनुभयो । र, उहाँलाई साथ दिनुभयो महेन्द्रराय यादवले । दुवै जना मिलेर नेपाल समाजवादी पार्टी गठन गर्नुभयो । त्यो पार्टीमा दुवै जना अध्यक्ष बन्नुभयो । उपेन्द्र यादवबाट अलग हुँदा महेन्द्रले साथ दिएको कारण बाबुरामले तत्काल अध्यक्षमा स्विकार त गर्नुभयो तर अहिले त्यही कुरा पचिरहेको छैन । बाबुरामले महेन्द्रराय यादवलाई अध्यक्ष स्विकार गर्ने पक्षमा दिखिनु भएको छैन ।

पार्टी एकीकरणका लागि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले महेन्द्र राय यादव र बाबुरामलाई सम्बोधन गरेर पत्र पठाउनुभयो । त्यो कुरा बाबुरामलाई असहय भएको छ । महेन्द्रलाई आफ्नो बराबरमा राखेको भन्दै बाबुरामलाई निकै पिडा भइरहेको छ ।

बाँकी पृष्ठ ८ मा

# माओवादीले यसरी लियो एक जना गरिबको ज्यान !

सिरहा औरही गाउँपालिका जमुवाका राजकुमार सिंह (लटल) ६ वर्षदेखि मओवादी नेताहरुको घरको चक्कर लगाई रहनु भएको छ । तर उहाँलाई कसैले सहयोग गरिरहनु भएको छैन । लटल पनि माओवादीका पुराना नेता हुनुहुन्छ तर माओवादीकै एक जना अर्को केन्द्रीय नेताले ६ वर्षअघि लिएको १६ लाख रुपियाँ बेइमानी गरेपछि उहाँ पिडामा पर्नु भएको छ ।

माओवादी केन्द्रका केन्द्रीय सदस्य सुरेशचन्द्र दास यादवले जमुवाका लटलसँग २०७४ चुनावका लागि भन्दै १६ लाख रुपियाँ लिनु भएको थियो तर अहिलेसम्म त्यो फिर्ता दिनुभएको छैन । अब त नेता यादवले आफूले लटलसँग कुनै रकम नलिएको दावी गरिरहनु भएको छ । कुरा २०७४ तिरको हो, लटलका ज्वाइ सतन सिंह (गोलबजार)ले जमिन खरिद गर्ने भनि एक एक गरि पैसा जम्मा गर्नुभएको थियो । जमुवामा भएपछि केही कृषियोग्य जमिन खरिद गर्ने भनि आफ्नो ससुरा लटललाई भन्नु भएको थियो ।

जमुवामा माओवादीका नेता सुरेशचन्द्र यादवका थुप्रै जमिन छन् । उहाँले पनि चुनाव लड्नका लागि केही जमिन बेच्छु भनि तयारी गरिरहनु भएको थियो । लटलले जमिन खोजिरहेको कुरा सुरेशचन्द्रले पनि थाह पाउनुभयो । त्यसपछि लटललाई बोलाएर भन्नुभएको थियो, 'म चुनाव लड्दैछु मलाई पैसाको एकदमै आवश्यकता भयो, अहिले तपाईसँग भएको रुपियाँ मलाई दिनुस्, त्यसको बदलामा जग्गा दिन्छु, र त्यो जग्गा चुनाव सकिएपछि नामसारी गर्दिन्छु ।'

शुरुमा लटल सिंहले त्यो कुरा मान्न तयार हुनुभएन । नामसारी गरेपछि मात्र रुपियाँ दिन्छु भनि अडानमा बस्नुभयो । तर सुरेशचन्द्र दासले अहिले चुनावको समय छ, जग्गा नामसारी गराउन गाह्रो हुन्छ, चुनाव सकिने बित्तिकै जग्गा पास गराई दिने आश्वासन दिनुभयो । लटल पनि पार्टीकै मान्छे, जमुवामा सुरेशचन्द्र दासको खेत पनि अधियामा गर्दै आएको कारणले चुनावसम्मका लागि लिनुस् न भनि १६ लाख रकम दिनुभयो । त्यो रकमवापत जमुवामा उहाँका ज्वाई सतन सिंह सुरेशचन्द्र दासले दिनुभएको जमिनमा खेतीपाती गर्न थाल्नुभयो । तर चुनाव सकेपछि सुरेशचन्द्र दासले त्यो जमिनमा भाइहरुको बीचमा लफडा छ भनि फिर्ता लिएर लिनुभयो र जमिनवापत लिएको रुपियाँ नै फिर्ता दिने आश्वासन दिनुभएको थियो ।

तर समय बित्दै गए तर सुरेशचन्द्रले न त्यो रुपियाँ फिर्ता दिनुभयो न जमिन नै नामसारी गर्दिनुभयो । सुरेशचन्दै दास यादवसँग रुपियाँ फिर्ताका लागि निकै प्रयास गर्नुभयो लटल र सतन सिंहले । उहाँहरु निकै दौडधुप गर्नुभयो । निकै दुख गरि जम्मा गरेको रकम सुरेशचन्द्रले बेइमानी गरेपछि त्यही शोकमा एक महिनाअघि सनता सिंहको निधन भयो ।

लटलले सहारा टाइम्ससँग भन्नुभयो, 'मैले त्यो रकम फिर्ता लिनका लागि धेरै ठाउँमा गुहारे, सैयौं पटक सुरेशचन्द्रलाई भेटे, पार्टीका हरेक नेतालाई भने तर कसैले पैसा दिलाई दिनुभएन । त्यही पिडामा मेरो ज्वाइको निधन पनि भयो तर अहिले आएर सुरेशचन्द्रले आफू कुनै पनि रकम नलिएको भनि दावी गरिरहनु भएको छ ।' जब सुरेशचन्द्रले आफू तपाईहरुको रकम नलिएको भनेपछि ज्वाई सतन सिंह शोकमा पर्नुभयो र उहाँको निधन भएको लटलले दावी गर्नुभयो । उहाँले भन्नुभयो, 'मैले सुरेशचन्द्रमाथि विश्वास गरे, उहाँ पार्टीको नेता हुनुको साथै हाम्रो मालिक पनि हुनुहुन्छ, यत्रो जायजथा छ के बेइमानी गर्नु होला भनि विश्वासले पैसा दिए चुनावको समय थियो मैले पनि कुनै कागजसागजको लफडामा नगइकन उहाँको जिरतिया रामअषिश यादवको रोहबरमा

बाँकी पृष्ठ ८ मा

## फरकमत

# एक नम्बरबाट बज्यो संघीयतामाथि खतराको घण्टी



विजयकुमार यादव

देशका शीर्ष नेताहरुले बेलाबेलामा भन्ने गर्नुहुन्छ, 'संघीयता खतरामा छ । संघीय लोकतान्त्रिक गणतन्त्रमाथि चारैतिरबाट प्रहार भइरहेका छन् ।' अहिले त्यो कुरा विस्तारै पुष्टि हुन थालेका छन् । प्रदेश नम्बर १ मा सुरुदेखि नै जुनखालको गतिविधि सुरु भयो, त्यो संघीयताका लागि राम्रो संकेत होइन । संघीयता विरोधी शक्तिहरु चाहन्छन् कि प्रदेश १ मा मध्यावधि चुनाव होस् र त्यही चुनावमार्फत आफ्नो स्वार्थ पुरा गर्न पाइयोस् ।

त्यसको सुरुवात प्रदेश नम्बर १ बाट भइसकेको छ । अधिकाँश नेपालीहरुले सुरुदेखि नै एउटा भ्रम फैलाउन प्रयास गरे कि मधेश प्रदेशका कारण संघीयता खतरामा छ । संघीयता त्यहींबाट समाप्त हुन्छ भनि अड्कलबाजीहरु भएका थिए । मधेशीलाई संघीयता चाहिदैन, भारतले उनीहरुलाई जे भन्छ त्यही हुन्छ भनि विभिन्न टिप्पणी गर्दै मधेशीमाथि औला उठाउने काम पनि भएको थियो । तर त्यो टिप्पणी आज गलत साबित भएको छ । संघीयता समाप्त गर्ने खेलमा मधेश प्रदेश होइन, प्रदेश १ लागेको कुरा त्यहाँको गतिविधिले पुष्टि भएको छ । संघीयता यदि कसैलाई चाहिएको छ भने ती हुन् मधेश र मधेशी जनता । मधेश र मधेशी जनताकै कारण नेपालमा संघीयता आएको हो र उसैका कारण संघीयता सुरक्षित पनि छ । सात वटै प्रदेशमध्ये सबभन्दा ढिलो प्रदेशको नामाकरण प्रदेश १ सरकारले गर्‍यो । तर त्यो पनि सफल हुन सकेन । कोशी नदीको नामबाट राखिएको कोशी प्रदेश चाहिदैन भन्दै पहिचानवादी शक्तिहरु त्यहाँ आन्दोलन गरिरहेका छन् ।

प्रदेश नामाकरणको विषयलाई लिएर आन्दालन चलिरहेको बेला अहिले त्यहाँ मुख्यमन्त्रीको लागि लफडा सुरु भएको छ । २०७९ मा चुनाव सम्पन्न भएको झण्डै एक वर्ष हुन लागेको छ । त्यस अबधिमा त्यहाँ पाँच जना मुख्यमन्त्री फेरिसकेका छन् । अहिलेको बनेका मुख्यमन्त्री छैठो मुख्यमन्त्री हुन् । यो मुख्यमन्त्री पनि त्यहाँ कति दिन टिक्ने हो, त्यो कसैले भरोस गरेका छैनन् । प्रदेश सभाको पहिलो कार्यकालमा पनि तीन जना मुख्यमन्त्री फेरिएका थिए । त्यसको हिसाब हेर्ने हो भने यो ६ वर्षमा प्रदेश नम्बर १ मा आठ जना मुख्यमन्त्री भइसकेका छन् भने यो नवौं मुख्यामन्त्री हुन् ।

प्रदेश नम्बर १ यसरी गिजोलिएका छन् कि त्यसले संघीय लोकतान्त्रिक व्यवस्थामाथि नै दिक्क लगाउने जस्तो । त्यहाँका जनताले भित्रभित्रै भन्न थालेका छन् । यिनीहरुले संघीयता सम्हाल्न सकेनन्, बरु राजतन्त्र वा बहुदल नै थियो भनि भन्न बेर लगाउदैनन् र त्यो भन्न लगाउनका लागि त्यहाँ गृहकार्यहरु भइरहेका छन् । प्रदेश १ मा यदि आगो लाग्यो भने त्यो देशैभर सल्किन बेर लाग्दैन । त्यसपछि त्यसलाई कसैले सम्हाल्न सक्दैन ।

प्रदेशको नामाकारण सबै प्रदेशमा भयो तर आन्दोलन प्रदेश १ मा मात्र किन भयो । यो सोचनीय कुरा हो । संघीयता र गणतन्त्रलाई समाप्त गर्ने षड्यन्त्र त्यहीबाट सुरु भएको कुरा बुझ्न अब कसैले ढिलो गर्नु हुँदैन । प्रदेशका नामाकरण गर्दा पहिचानको आधारमा हुनुपर्ने स्पष्ट लाइन थियो । सबैले बुझैको कुरा थियो तर कोशी नदीको नामबाट नामाकरण गर्‍यो ।

तर पहिचानवादी शक्तिहरु पहिचानसहितको प्रदेश नभएसम्म आन्दोलन जारी राख्ने भनेका छन् । एकातिर प्रदेशको नामाकरणलाई लिएर आन्दोलन भइरहनु, अर्कोतिर मुख्यमन्त्री पटक पटक परिवर्तन भइरहनु संघीयता र गणतन्त्रका लागि कदापी राम्रो कुरा होइन । यसले राम्रो संकेत दिएको छैन । मधेश प्रदेशबाहेक अरु कुनै प्रदेशको नाम पहिचानको आधार भएको छैन तर ती प्रदेशमा कुनै होहल्ला र टिका टिप्पणी समेत भएन । सबै जना चुपचाप छन् तर प्रदेश १ को परस्थिति फरक छ । त्यहाँ खतरा मण्डराइ रहेका छन् । कुनै बेला ज्वालामुखीको जस्तो विस्फोट हुनसक्छ ।

एमालले गठबन्धनमा मात्र होइन, एउटा सिगैं पार्टीमा चिरा पार्ने चाल चालेको छ । प्रदेश १ का मुख्यमन्त्री हिक्मतकुमार कार्कीले असोज २० गते विश्वासको मत लिनुभन्दा पहिला नै आफ्नो पदबाट राजिनामा दिनुभयो । त्यसपछि मुख्यमन्त्रीका लागि काँग्रेस र माओवादी केन्द्र दुवैले दावी गरे । सहमति गर्दा माओवादीले लिने भइसकेको थियो तर काँग्रेसको शेखर कोइराला गुटले त्यसलाई नमान्ने भयो ।

प्रदेश नम्बर १ को मुख्यमन्त्रीमा माओवादीलाई सघाउन काँग्रेसका सभापति शेरबहादुर देउवा तयार भइसक्नु भएको थियो तर शेखर कोइराला तयार हुनुभएन । अन्ततः आफ्नो समूहबाट एमालेको समर्थनमा कोइरालाले केदार कार्कीलाई मुख्यमन्त्री बनाउनुभयो । एमालेको सहयोगमा बनेको प्रदेश १ को सरकारमाथि स्वयं प्रधानमन्त्री प्रचण्ड र काँग्रेसका सभापति देउवाले विश्वास गर्नु भएको छैन । तर प्रधानमन्त्री प्रचण्डले ड्यामेज कन्ट्रोलका लागि असोज २८ गते भरतपुरमा पत्रकारसँग कुरा गर्दै भन्नु भयो, 'प्रदेश १ को सरकार गठबन्धनकै हो, केही कमी कमजोर भएको होला त्यो म स्विकार गर्न सक्छु त्यसलाई सुधार गर्ने प्रयास हुनसक्छ ।' यो लेख तयार गर्दासम्म प्रधानमन्त्रीको तर्फबाट त्यस्तो कुनै प्रयास भएको छैन । संघीयता विरोधमा प्रदेश १ बाट खतराको घण्टी बजिसकेको छ । त्यसमा रहनुपर्ने आवश्यकता छ ।

*(लेखक जसपा संघीय परिषद्का सदस्य हुनुहुन्छ)*

## लेख



■ धर्मेन्द्र कर्ण

# दशैं, तिहार छठ र नेपालको अर्थराजनीति

**दशैंमा मनाइने विभिन्न सांस्कृतिक शैलीहरू एक ठाउँबाट अर्को ठाउँमा सर्ने भएकाले यस्ता शैलीका लागि चाहिन वस्तु तथा सेवाको बजार एक ठाउँबाट अर्को ठाउँमा सर्ने गर्छ। नेपाली समाजमा दिइने बलि प्रथा विभिन्न ठाउँमा विभिन्न किसिमका पशु बलि दिएर मनाउने गरिन्छ। नेपाली समाजमा खसी बोका राँगा सुँगुर हाँस कुखुराको बलि दिने गरिएको पाइन्छ।**

अासोज कात्तिकमा पर्ने आश्विन शुक्ल पक्षको प्रतिपदादेखि दशमी र त्यसपछि कोजाग्रत पूर्णिमासम्म पनि मानिने विशेष पर्व वा उत्सवलाई दसैं वा बडादसैं भन्ने गरिन्छ। नेपाल भारत गरी विश्वभरका हिन्दु समुदायले यसलाई दुर्गा पूजाको रुपमा बुझ्ने गरिन्छ। नेपाली समुदायले यसलाई दसैंको रूपमा सबै भन्दा ठूलो चाडपर्वको रूपमा एकैपटक सबै भन्दा लामो अवधिसम्म सार्वजनिक विदा दिएर मनाइने पर्व भएकाले यसलाई बडादशैं भनिएको हो।

दश दिनसम्म शक्तिका विभिन्न देवीहरूको विशेष पूजा गरिन्छ। पहिलो दिन पवित्र कलशलाई बालुवामा जौ छरेर राखिने दिनलाई घटस्थपना भनिन्छ। यसैगरी सातौं दिन फूलपाती ,आठौं दिन महाअष्टमी, नवौं दिन नवमी र दशौं दिन विजया दशमीको विशेष पूजा गरिन्छ। घरघर वा देवीको मन्दिरमा यसको पूजा गरिनुका साथै माटोको मूर्ति निर्माण गरी विभिन्न ठाउँमा दशैं मनाउने गरिन्छ। भारतको पश्चिम बंगालमा मनाइने माटोको मूर्तिहरूको पूजा पण्डालको लोकप्रियता सबै भन्दा बढी रहेको छ। यो लोकप्रियतालाई संयुक्त राष्ट्रसंघ समेतले सम्मान दिएको छ। कोलकाताको दुर्गा पूजालाई डिसेम्बर २०२१ मा युनेस्कोको अमूर्त सांस्कृतिक सम्पदा सूचीमा अंकित गरिएको थियो।

१४औं शताब्दीका जीवित पाण्डुलिपिहरूमा दुर्गा पूजाको लागि दिशानिर्देशहरू गरिएको पाइन्छ भने ऐतिहासिक अभिलेखहरूले कम्तीमा १६औं शताब्दीदेखि राजपरिवार र धनी सामन्त परिवारहरूले प्रमुखरूपमा यस्ता दुर्गा पूजा उत्सवहरूको आयोजन गर्ने गरेको पाइन्छ। धार्मिक पूजाको यो उत्सवले सामाजिक तथा सांस्कृतिक पर्वको रूपमा मात्र परिचय बनाएको छैन्। यसले आर्थिक पर्वको रूपले लिन पुगेको छ। उद्योगी व्यापारीहरूले यो पर्वलाई अर्थराजनीतिको पर्व बनाइ दिएका छन्।

नेपालीहरूले मनाउँदै आएको दशैंमा भारतीयहरूले मनाउने शैलीको प्रभाव पर्दै गएको छ। माटोका मूर्तिहरूको निर्माण गरी सार्वजनिकरूपमा स्थानीय सहभागितामा दशैं मनाउने चलनले धार्मिक सामाजिक सांस्कृतिक पर्व आर्थिक पर्वमा परिणत हुँदै गएको छ। उद्योगी व्यवसायीहरूले पूजाका सामग्री उत्पादन गरिदिएका छन्। पर्वले मेलाको आयोजना गरिदिन्छ। मेलाले बजारको सिर्जना गरिदिन्छ। सबै भन्दा ठूलो सार्वजनिक विदा मनाउनेहरूले यस्ता मेलामा जाने गरेका छन्। खर्च गर्ने गरेका छन्। यसो भन्नु पर्दा मानिसहरूले वर्षभरीको कमाइ दशैं तिहार, छठसम्म खर्च गर्ने गरेका कारण दशैंदेखि छठसम्मको अवधिलाई चाडपर्वको अर्थतन्त्र बनेर जान्छ। कमाउनेहरूले यो समयमा खर्च गर्ने भएकाले उद्योगी व्यवसायीले उनीहरूको खर्चलाई तान्न विभिन्न आकर्षक योजना ल्याएर वस्तु तथा सेवा बेच्ने गर्छन्। समग्रमा यो अर्थतन्त्रलाई दसैं तिहार छठ बम्पर अफरको रूपमा बुझिन्छ।

वस्तु तथा सेवा अन्तरगर्त धार्मिक सेवाको बजार पनि विस्तार हुँदै गएको छ। पराम्परागत पुरेत बाजेको कमाइ भन्दा धार्मिक प्रवचन दिने विदुषक र विदुषहरूको कार्यक्रमा पनि यो अवसरमा आयोजना गर्ने गरिन्छ। त्यसक्रममा दसैंको बारेमा प्रवचनको क्रममा वैदिक साहित्यको उल्लेख गर्ने गर्छन्। जसअन्तर्गत दसैं ऋग्वेद स्तोत्र ४.२८,८.२७,८.४७, ८.९३र १०.१२७ र अथर्ववेदको खण्ड १०.१ र १२.४ दुर्गाको उल्लेख भएकोमा मात्रै होइन तैत्तिरीय आरण्यकको धारा १०.१.७ मा समेत दसैंमा पूजा गरिने देवी प्रकट भएको प्रवचनकर्ताहरूले बताउने गरेको सुन्न सकिन्छ। दुर्गा सप्तशीको पाठ र तदनुसारको होम यज्ञ हुने कार्य धार्मिक सेवाको रूपमा विस्तारित हुँदै गएको छ। समुदायहरूले आफ्नो बजेट अनुसार नाम चलेका प्रवचक र भजन गायकहरूलाई ल्याउने गरेका छन्। दानदातव्यको आधारमा यो वर्ष फलना र अर्को वर्ष फलाना चर्चित प्रवचनकर्ताहरूलाई ल्याउने योजना निर्माणको प्रतिस्पर्धाले पनि धार्मिक सेवाको व्यवसायलाई फस्टाउन सहयोग पुऱ्याइरहेको छ।

दशैंमा मनाइने विभिन्न सांस्कृतिक शैलीहरू एक ठाउँबाट अर्को ठाउँमा सर्ने भएकाले यस्ता शैलीका लागि चाहिन वस्तु तथा सेवाको बजार एक ठाउँबाट अर्को ठाउँमा सर्ने गर्छ। नेपाली समाजमा दिइने बलि प्रथा विभिन्न ठाउँमा विभिन्न किसिमका पशु बलि दिएर मनाउने गरिन्छ। नेपाली समाजमा खसी बोका राँगा सुँगुर हाँस कुखुराको बलि दिने गरिएको पाइन्छ।

यो अवधिमा लामो विदा हुने गरेकाले धार्मिक सांस्कृतिको कार्यक्रमको आयोजना मात्रै हुने गर्दैन। कला साहित्य तथा राजनीतिक कार्यक्रम पनि हुने गरेका छन्। कलाकार, साहित्यकार तथा राजनीतिकर्मीहरूले विभिन्न ठाउँमा सहभागी हुने कार्ययोजना तय गरेका हुन्छ। यी कार्यक्रमहरूमा हुने खर्च अर्थतन्त्रको हिस्सा हो। अर्थतन्त्रका गतिविधि मात्रै नभएर भोटको राजनीति गर्ने राजनीतिकर्मीहरू पनि दशैंको उपयोग विभिन्न किसिमले गर्ने गरेका छन्। सरकारका मन्त्रीहरूले पनि आफ्नो प्रभाव क्षेत्रका दशैंलाई प्रभाव वृद्धि गराउने योजना बनाउने गरेको पाइन्छ।

दशैंको सम्बन्ध घरेलु अर्थतन्त्रसँग मात्र नभएर यो विश्वको अर्थराजनीतिक कूटनीतिसँग जोडिन पुगेको छ। युरोप अमेरिका र क्यानाडामा दशैं मनाउन थालिएको छ। हिन्दुहरूको उपस्थिति र दक्षिण एसियाको ठूलो बजारमा आफ्नो सम्बन्ध विस्तार गर्न ती देशहरूका सरकारले दशैंलाई कूटनीतिको माध्यम पनि बनाउन थालेका छन्। उदयमान भारतको बजारको स्थितिले गर्दा हिन्दुहरूको चाड दशैंको महत्वलाई ती देशका राष्ट्रप्रमुख र सरकार प्रमुखहरू विशेष महत्व दिन थालेका छन्।

युरोप, अमेरिका र क्यानाडामा नेपाल भारतबाट मूर्तिकला-मूर्तिहरू पठाइन्छन्। बेलायतमा पहिलो पटक त्यहाँका अधिकारीहरूले टेम्स नदीमा माटोका मूर्ति बिसर्जन गर्न अनुमति दिएका थिए। त्यहाँका हिन्दु समुदायले पहिलो पटक दसैंमा मूर्ति बिसर्जन गरेका थिए। जर्मनीको कोलोनलगायतका शहरहरूमा दशैंमा पूजा गरिन्छ। सन् २००३ देखि स्विट्जरल्याण्डमा दशैं मनाउन थालिएको छ। यसैगरी स्वीडेनमा स्टकहोम र हेलसिङबर्ग जस्ता शहरहरूमा दसैं मनाइन्छ। युरोपमा दशैं मनाउने देशमध्ये स्वीडेन एक हो। यहाँ सन् १९८८ मा पहिलो पटक मनाइएको थियो। नेदरल्याण्ड र जापानको राजधानीमा पनि दशैं मनाइन्छ।

दशैं कृषि उपजमा आधारित सबै भन्दा लामो चाडपर्व हो। नेपाल कृषिमा आधारित देश हो। नेपाल सबैखाले भूभाग भएको देश हो। यहाँको भौगोलिक विविधता विश्वमै दुलर्भ छ। तर खाद्यान्न बाहिरबाट आयात गर्नुपर्ने आवश्यकता छ। सरकारी योजना नबन्नु, बनेको योजना समयमा पूरा नहुनु, पर्यटकहरूको अतिथि सत्कारका लागि प्रयोग गरिने खाद्यवस्तुमा नेपाल ब्रान्डलाई स्थापित गर्न नखोज्नुले दशैंको अर्थतन्त्रबाट हुनुपर्ने लाभ देशलाई हुन सकिरहेको छैन्। उद्योगी व्यवसायीहरूले नेपाली उत्पादित वस्तुबाट पर्यटकहरूको सेवामा प्रयोग हुने सामग्रीको उत्पादन गर्न सकिरहेका छैनन्। उनीहरूलाई ती वस्तुको उत्पादन गर्न महँगो हुने गरेको छ। नेपाली श्रमबजार श्रम महँगो भएकाले उत्पादन गर्न गाह्रो भएको उद्योगी व्यवसायीको गुनासोलाई सरकारले ध्यान दिन सकेको देखिँदैन।

यो वा त्यो पार्टी कसैले बनाएको सरकारले पनि उद्योगी व्यवसायीहरूको यो गुनासोलाई ध्यान दिएको भए उनीहरूको यो गुनासो थेगो बन्ने थिएन्। यसले कतै समस्या त छैन। नेपाली श्रमबजारमा बेरोजगारीको समस्या नचर्किने गरी उद्योगी व्यवसायीको यो गुनासोलाई समाधान गर्नुपर्ने दायित्व सरकारको हो। सरकारले कुन क्षेत्रमा कति प्रतिशत अनुदान दिएर महँगो श्रमको समाधान गर्न सकिन्छ त्यसबारे गहिरो गरी सोच्नु पर्छ।

दसैंमा मदिराजन्य वस्तुको खपत धेरै हुन्छ। हुनेहरूलाई जहिले पनि दशैं तिहार नहुनेलाई बर्सेनी भने जस्तै नहुनेहरूले वर्षभरीको मिहिनेत दसैं तिहारलाई नै गर्छन्। यो क्षेत्रमा स्थानीय उत्पादनमाथि कडाइ गर्नुको साटो त्यसलाई ठोस नियमन गरी सुरक्षित गर्न सकिए यो क्षेत्रबाट पनि अर्थतन्त्रमा लाभ पाउन सकिन्थ्यो। मदिरालाई निषेध गर्नुपर्ने माग पनि उठेको छ। तर मदिराको प्रयोग विविध जाति समुदाय भएको नेपालमा सांस्कृतिक पक्षसँग अभिन्नरूपले जोडिएको छ। तर स्थानीयरूपमा उत्पादन गरिने विधि स्वस्थ्य तथा सुरक्षिततवरले सञ्चालन हुँदा समस्या भएको सरोकारवालाहरू बताउँछन्।

कोदोजस्ता स्थानीय कृषि उपजबाट निर्माण गरिने मदिराजन्य वस्तुको उत्पादन र बिक्री वितरण सुरक्षित तवरले गरिए यसले दशैंको अर्थतन्त्रबाट ठूलो लाभ लिन सकिने सरोकारवालाको दाबी छ। अवसरलाई समेत उचित उपयोग गर्न नसकिएको उनीहरूको भनाइ छ। भारतको बिहार राज्यमा मदिरा निषेध हुँदा स्थानीय मदिराजन्यवस्तुको गुणस्तरमा ध्यान नदिँदा यसबाट प्राप्त हुने आम्दानीको ठूलो हिस्सा अन्ततः विदेशिने नै गरिएको उनीहरूको तर्क छ।दशैं बजारमा मदिराजन्य वस्तु मात्रै होइन अन्य अधिकांश खाद्यवस्तुको आपूर्ति आयातबाट हुने गरेको छ। दशैंको बजारले सरकारलाई आयात हुने वस्तुको घरेलु उत्पादनको प्रवर्द्धनलाई ध्यान दिनुपर्ने छ।

सरकार पक्ष वा सरकारमा सामेल पार्टी र नेताहरूले यस्ता कुरोलाई गफ भन्ने गर्छन्। उनीहरू सरकारमा नरहेका बेला कृषिमा आत्मनिर्भर बन्नुपर्ने वकालत गरिरहेका हुन्छन्। सरकारमा रहेका बेला यो गफको कुरा भएको र सस्तोमा जनतालाई वस्तु तथा सेवा उपलब्ध गराउन सरकारको दायित्व भएको भन्ने गरेका छन्। यसैले पनि स्थितिमा कुनै परिवर्तन नभएको हो। सरकारमा रहेका बेला यस्तै कुरा गरी घरेलु उत्पादन र उत्पादक मारमा पर्ने गरी नियम र नीति बनाउनेतर्फ ध्यान दिने गरेका छन्।

अर्कोतर्फ उनीहरू के गर्ने के गर्ने भनिरहेका हुन्छन्। अर्थतन्त्रलाई आयातबाट ठूलो मार पर्ने वस्तुको आयातलाई ध्यान दिनुपर्ने हुन्छ। दैनिक आवश्यक वस्तुकोको विस्थापन गर्न सकिने गरी नीति बनाउने वा अनुदान दिएर आयात विस्थापन गर्ने यस्ता विषयमा गहिरिएर सोच्नुपर्ने आवश्यकता छ। दशैंमा देवीहरू पुजा गरेर मात्र होइन्। देवीहरूले राक्षसहरूको संहार गरी भक्तजनको जीवन जोगाएका विभिन्न कथाहरूबाट पाठ सिक्नुपर्ने आवश्यकता छ।

खड्गले राक्षसलाई मार्दा राक्षसको रगतबाट थप राक्षसको पुनर्उत्पत्ति हुने जस्ता देवीले निकालेको र रक्तबीजहरूको समूल नाश गरेको कथा दशैंमा सुन्न पाइन्छ। रक्तबीजको नाशका लागि रगत पिउने देवीले अपनाएको उपाय जस्तै देशको चुनौती पुरा गर्ने जिम्मेवारी सरकारको हो। यो समस्या समाधान गर्ने फेरि उस्तै समस्या उत्पन्न हुन नदिने गरी उपायो खोजी गर्नु पर्ने आवश्यकता रहेको छ।

दसैंमा शक्तिको उपसाना र अराधना गरिन्छ। दसैंमा विभिन्न देवीहरूले राक्षसले उत्पन्न गरेको चुनौती पूरा गर्न उनीहरूको समूल नाश गरेको कथा सुन्ने सुनाउने गरिन्छ। देवी र राक्षस बीचको युद्धलाई कथाको रूपमा मात्र लिन हुँदैन्। समस्या र उपायको खोजीको प्रयासको रूपमा लिन पर्छ। कथाहरूबाट उपाय खोज्ने मन्थन, उपायको खोजी र उपायको कार्यान्वयनको पाठ सिक्नुपर्छ। उपायको मन्थनमा बाधा उत्पन्न हुन्छ। मन्थनबाट उपायको खोजी गर्न कठोर अनुशासन पालना गर्नुपर्ने हुन्छ। सहजतामा उपाय प्राप्त हुँदैन्। कुनैबेला सहजतामा पनि उपाय फेला पर्न सक्छ। यो दुवै विषयमा त्यतिकै ध्यान दिनुपर्छ। उपायको कार्यान्वयन सरकारका लागि ठूलो चुनौती हुन्छ। कुनै पनि लोकतान्त्रिक सरकारका लागि उपायको कार्यान्वयन गर्न सरकारलाई प्रतिपक्षीको तर्फबाट हुने चुनौती ठूलो हुन्छ।

प्रतिपक्षीलाई विश्वासमा लिएर सार्वजनिक हितको नीति निर्माण गर्नु भनेको सही उपायको खोजी गर्नु हो। यस्तो कार्य नगरी जनतालाई ठग्नु बाहेक केही होइन्। यसरी ठग्नु भनेको राक्षसले देवीलाई भ्रममा पार्ने काम गर्नु सरह हुन्छ। जसरी महिषासुरले देवीलाई भैंसी बनेर दिएको भ्रम जस्तो हो। महिषासुरले दिएको त्यो भ्रममा देवी भ्रमित भएको भए उनका भक्तजन पीडाबाट मुक्ति पाउने थिएनन्। भक्तजनको पीडाबाट मुक्ति दिलाउन देवीले भैंसीले दिएको भ्रमलाई चिरेकी थिइन्। अनि भैंसीको गर्दन छिनाल्दा महिषासुरको सर्वनाश भएको र देवी महिषासुर मर्दिनीको जयघोष भएको कथा दशैंको कथा हो। सरकारले राजनीतिक दलबाट प्रस्तुत हुने भ्रमबाट मुक्त र निडर भई काम गरे मात्र वास्तवमा दशैं मनाएको अर्थ हुन्छ। नभए आयाराम गयाराम सरकारले गर्ने काम शपथ लिने बाहेक अन्य केही नहुने छ।

*(लेखक धर्मेन्द्र कर्ण पत्रकार हुनुहुन्छ)*

अन्तरवार्ता

# माओवादीले मधेशीको मन जित्न सकेको छैन



## शिवराम यादव, केन्द्रीय सदस्य, नेकपा (माओवादी केन्द)

**माओवादी केन्द्रका केन्द्रीय सदस्य शिवराम यादव जनयुद्धकालदेखि नै माओवादीमा लाग्नु भएको हो। जनयुद्धकालमा माओवादीले मधेशलाई जे नजरले हेरेको थियो त्यो नजरमा फरक आएको बुझाई उहाँको रहेको छ। मधेशप्रति माओवादीको नजरिया चेन्ज भएको छ किन त्यस्तो ? प्रस्तुत छ, चाडपर्व र माओवादीको राजनीतिक भविष्यलगायतका विषयमा माओवादी केन्द्रका केन्द्रीय सदस्य शिवराम यादवसँग सहारा टाइम्सले गरेको कुराकानीको सम्पादीत अंशः**

**अहिले चाडपर्वको सिजन चलिरहेको छ, यसलाई तपाईले मार्क्सवादीको दृष्टिकोणले कसरी हेर्नुहुन्छ ?**

चाडपर्वलाई मैले मार्क्सवादी दृष्टिकोणले भन्दा पनि म यसलाई व्यवहारिक वैज्ञानिक रुपमा हेर्छु। चाडपर्व भनेको एउटा उत्सव हो, खुशीयाली मनाउने एउटा बाहाना हो। दशैंकै कुरा गर्ने हो भने किसानले धान रोपाइँ सकेर त्यसलाई भित्र्याउने पूर्व खुशीयालीको रुपमा खुशीयाली मनाउने, रमाईलो गर्नका लागि मनाउँदै आएको पर्व हो। तर सबै चाडपर्वको आआफ्नै इतिहास छन्। उनीहरुको आफ्नै ऐतिहासिकता छ र सबैको आफ्नै महत्व छन्। खासमा कुन चाड कसको पालामा कसरी सुरु भयो त्यसले पनि धेरै महत्व राख्दछ। विगतका दिनहरुमा एउटा समुदायको अर्को समुदायसँग, एउटा राज्यको अर्को राज्यसँग द्वन्द हुन्थ्यो, लडाई हुन्थ्यो। त्यो लडाई जित्ने राजा राजौटाहरुले एउटा कुनै मान्यता स्थापित गरेर खुशियाली मनाउँदा त्यो नै एउटा पर्व वा उत्सवको रुप धारण गर्थ्यो। त्यसलाई परम्परादेखि मनाउँदै आउँदा आजसम्म त्यसरी मनाउँदै गरेको हो।

**तपाई चाडपर्वलाई उत्सव भन्नुभयो, त्यो सामाजिक उत्सव हो कि धार्मिक ?**

ती सामाजिक र धार्मिक दुवै उत्सव हुन्। विगतका सत्ताहरु धार्मिक हिसाबले नै निर्धारण हुन्थ्यो। धार्मिक भनेको इश्वर नै हो भनि मान्यता स्थापित भएको हो। त्यतिबेलाका राजा रजौटाहरु आफूलाई इश्वर ठान्थे। जनताले पनि त्यसलाई इश्वर अवतार भन्थे। हाम्रो देशका राजालाई विष्णु अवतार भनिन्थ्यो त्यो त हामीले पनि सुनेको हौ र बुझेका हौं। त्यो भन्दा धेरै पहिलाका राजा राजौटाहरुलाई इश्वर नै भनिन्थ्यो। हाम्रै देशका राजा जनक, बुद्धहरुलाई लिन सकिन्छ। राजालाई त इश्वर वा देवताभन्दा माथि राखिन्थ्यो त्यतिबेला। राजाको कुनै आदेश हुँदा इश्वर वा भगवानको आदेश हो भनि भनिन्थ्यो। यसरी धर्म र समाज एक आपसमा जोडिदै गए। सामाजिक हिसाबले कुरा गर्ने हो, तपाईले विचार गर्नु भएको होला कुनै पनि चाडपर्व मानिसको व्यस्तताको समयमा भएको देखिदैन। किसानहरु व्यस्त भएको बेलामा कुनै पनि चाडपर्व मनाइएको हुँदैन। यसबाट पुष्टि हुन्छ कि किसानहरु वा आम मानिस फुर्सदको समयमा गर्ने रमाईलोका लागि नै चाडपर्व मनाइन्छ। बैशाखमा मनाइने जुडशितल किसानले गहुँबाली भित्र्याइ सकेपछि मनाउने उत्सव हो। त्यस्तै जितिया, चौरचन पनि हुन्। दशै दीपावली पनि त्यसैगरि मनाउने गरिन्छ। छठ त पूर्णत किसानहरुकै पर्व हो। माघी अर्थात तिलासंक्रान्ति पनि किसानकै पर्व हो।

**परम्परागत रुपमा मनाउँदै आएको यी पर्वहरु उत्सव हो कि अन्धविश्वास हो तपाईलाई के लाग्छ ?**

त्यतिबेला आम मानिसको चेतनास्तर निकै कमजोर थियो, राजाहरुले जे भन्थे, त्यही कानुन बन्थ्यो, जे गर्थे त्यही नै चाडपर्व हुन्थ्यो। शिक्षादीक्षा सिमित मानिसमा मात्र थियो। हाम्रो समाज मनोवादी वर्णाश्रम अनुसार चलेको छ। किसान जातीलाई शुद्रमा गिनिन्थ्यो। शुद्रहरुलाई पढ्ने लेख्ने अधिकार नै थिएन। अतिशुद्र भनेको दलित हो जसलाई अछुतको रुपमा व्यवहार गरिन्थ्यो। शुद्रलाई अछुतको जस्तो व्यवहार नगरेपनि त्यसलाई पढ्ने लेख्ने अधिकार थिएन। पढ्न, लेख्न नपाएका कारण ज्ञान र चेतनाको कमजोर थियो। उनीहरुले धेरै कुराहरुलाई अन्धविश्वासको रुपमा लिए र त्यसलाई चाडपर्वको रुपमा मनाउन थालेपछि आजसम्म त्यही अनुसार चलिरहेको छ। यी कुरा इश्वरले गरेका हुन्, इश्वरले गर्दा नै बाँचेका छौं, इश्वरीय शक्तिको पुजा गर्नुपर्छ भनि विभिन्न तर्कहरु दिएर समाजलाई पुजापाठ गर्न बाध्य पारेको थियो। त्यसको वैज्ञानिक आधार खोज्ने प्रयास कसैले गरेन। यो चाडपर्व तथा विभिन्न परम्पराहरु कुनै बेला, कतैबाट पक्कै सुरु भएको हो, यसको सुरुवात किन भयो, कसले गर्‍यो जस्ता कुराहरु खोजि गर्नुपर्छ।

**भन्नाले जति पनि चाडपर्वहरु छन् त्यसमा इश्वरी शक्ति छैन ?**

होइन, यो कुनै पनि इश्वर शक्ति होइन। इश्वरीय शक्ति भएको भए, गरिब र निर्धालाई हेर्नुपर्थ्यो नि। तर यहाँ त्यस्तो छैन गरिब झन गरिब भइरहेका छन्, धनी झन धनी भइरहेका छन्। जसको कोही छैन् उसको इश्वर हो भन्ने गरिन्छ तर खोइ त्यस्तो त देखिएको छैन। गरिबका लागि खोइ इश्वर। इश्वरकै लागि जीवको हत्या हुन्छ, कस्तो इश्वर हो, जसलाई अर्को जीवको रगत चाहिन्छ। त्यसैले यी सब अन्धविश्व हुन्। बाढी आउँछ मान्छे मर्छ, आगलागी हुन्छ मान्छे मर्छ, भुँइचालो आउँछ मान्छे मर्छ। यी सब इश्वर शक्तिका कारण भएको हो रे, फलानो देवता रिसाउँदा यस्तो भएको हो रे अब त्यसलाई खुश पार्नुपर्छ। बलि दिनुपर्छ जस्ता कुरा समाजमा अहिले पनि भइरहेका हुन्छन्। गाउँमा ठूलो आगलागी हुँदा त्यो किन भयो, कसरी भयो त्यसको आधार खोज्नेतिर लाग्दैन। देउवा रिसायो भन्न थाल्छन् र त्यसको पुजापाठमा लाग्छन्। बाढी पहिरोमा पनि त्यस्तै हुन्छ। यी सबै कुरा चेतनाको कमीले भएको हो। मेरो विचारमा ती सबै अन्धविश्वास नै हो। पहिला पहिला त देवी देवतालाई नै मानवको बलि दिइन्थ्यो। पछि मान्छेको आवश्यकता महसुस भयो खेती किसानी गराउनुपर्छ, गाह्रो गाह्रो काममा लगाउनुपर्छ भनि आवश्यकता महसुस भएपछि मान्छेलाई बलि दिन छाडेर पशुलाई दिन सुरु गरिएको हो।

**इश्वरी शक्ति छैन, यी सबै अन्धविश्वास हुन् भन्नुहुन्छ तर तपाईकै कम्युनिष्ट पार्टीका नेताहरु धर्म कर्ममा लागि सक्नुभएको छ, भैसीको बली दिनुदेखि लिएर भारतको उजैनमा गएर गेरुवा वस्त्र लगाएर पुजा गर्ने जस्ता हरेक चाडपर्वमा सहभागी भएको देखिन्छ त्यस्तो किन ?**

हेर्नुस् राजनीतिक गर्नेहरुका लागि समाज अनुसार चल्नुपर्ने हुन्छ। कतिपय अवस्थामा समाज के चाहेका छन् त्यो मनोविज्ञान बुझेर काम गर्नुपर्ने हुन्छ। कतिपय अवस्थामा त्यो समाजलाई परिवर्तन पनि गनुपर्ने हुन्छ। हामी समाजबाट अलग पनि रहन सक्दैनौ, समाजलाई तत्कालै परिवर्तन पनि गर्न सक्दैनौं। समाज परिवर्तनका लागि जागरण ल्याउनुपर्छ। त्यसको वैज्ञानिक आधार खोज्नुपर्छ, भित्रि तहसम्म जानुपर्छ अनि मात्र परिवर्तन गर्न सकिन्छ। अहिलेको समाजमा देखिएको परम्परा, सँस्कृति रितिरिवाजहरुलाई परिवर्तन गर्न सकिदैन। त्यसको वैज्ञानिक र साँस्कृति आधार पत्ता नलगाईकन त्यसलाई परिवर्तन गर्न गाह्रो छ जबसम्म परिवर्तन गर्न सकिदैन तबसमम्म समाजसँग हिड्नुबाहेक अरु कुनै उपाय नै छैन।

**यसको मतलब जनतालाई चित्त बुझाउन, जनताको मन जित्नका लागि अन्धविश्वासलाई साथ दिनुपरेको हो होइन ?**

अन्धविश्वासलाई साथ दिनु परेको भन्दा त्यसलाई यसरी बुझ्दा हुन्छ, कि समाजले तत्काल के चाहेको छ, के गर्दा उ खुशी हुन्छ हामीले त्यो पनि बुझ्नुपर्छ। तत्कालै उसको सँस्कृति परम्परामा प्रहार गरेर भड्काउने प्रयास गर्नुहुँदैन। जनतामा वैज्ञानिक चेतनाको विकास गर्नुपर्छ। म चीन भ्रमण जाँदा त्यहाँ धेरै कुरा परम्परागत र साँस्कृतिक रुपमा हेर्न पाइन्छ, देख्न पाइन्छ। धेरै पुराना कुराहरु त्यहाँ प्रदर्शनमा राखिएका हुन्छन् तर ती सबैको वैज्ञानिक आधार पनि खोजिएका छन्। वैज्ञानिक रुपमा त्यसलाई पुष्टि गर्ने प्रयास गरेको छ। समाजलाई चित्त बुझाउने काम पनि गरेको छ।

**तपाईहरुको अहिले तीन महिने जागरण अभियान चलिरहेको छ, यो अभियानको क्रममा चाँडपर्व र साँस्कृतिक परम्पराको बारेमा वैज्ञानिक रुपमा आधार खोज्ने काम हुन्छ त ?**

छलफल चलाउनुपर्छ सुरुवात गर्नुपर्छ। सबै कुराको परिवर्तन यो तीन महिनामै हुन्छ भने होइन तर सुरुवात गर्नुपर्छ। समाजका सोच र स्तर कस्तो छ त्यसको आधारमा पनि विस्तारै परिवर्तनतिर लग्नुपर्छ। समाजमा सबै कुरा खराबै छन्, सबै अन्धविश्वासकै रुपमा छन् भने पनि होइन कतिपय राम्रा कुराहरु पनि छन्। त्यसको आधारमा पनि समाजलाई परिवर्तन गनुपर्छ। पार्टीलाई सांगठनिक रुपमा सुदृढीकरण गर्न तीन महिने जागरण अभियान चलाएको हो। समाज परितर्वन गर्नका लागि यो तीन महिने अभियानले सम्भव छैन। तर विस्तारै त्यतातिर लाग्ने अवस्था आएको छ। राजनीतिक परिवर्तन गर्न समय लाग्दैन तर साँस्कृतिक परिवर्तन गर्न निकै समय लाग्दो रहेछ। त्यही भएर त्यसका लागि समय लाग्छ तर विस्तारै परिवर्तन हुन्छ।

**अहिले माओवादीको तीन महिने अभियान पनि चलिराखेको छ, तपाई माओवादीमा मधेशबाट प्रतिनिधित्व गर्नुहुन्छ, मधेशमा माओवादी पार्टी यसरी कमजोर किन भएको होला जस्तो तपाईलाई लाग्छ ?**

माओवादीले यो नेपाली समाजका लागि निकै लामो जनयुद्ध नै गरेको हो। देशलाई राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक रुपमा परिवर्तन गर्नका लागि त्यो जनयुद्ध भएको थियो। राजनीतिक रुपमा परिवर्तन त ल्याउन सकियो, समाजमा केही चेतनाको विकास पनि भएको छ, आर्थिक समृद्धिका लागि प्रयास पनि भइरहेको छ तर साँस्कृतिक रुपमा खासै परिवर्तन गर्न नसकेको मेरो बुझाई रहेको छ। साँस्कृतिक रुपमा त्यतिबेलाको समाज जहाँ थियो अहिले पनि त्यही छ। महेन्द्रवाद, पहाडी राष्ट्रवाद हटाउनका लागि ठूलो लडाई भयो। एउटै भाषा एउटै भेषको कुरा त केही हदसम्म हट्यो तर एउटै समुदाय, एउटै अनुहारको बर्चस्व अझै कायम छ। देशमा आन्तरिक औपनिवेशिक छ त्यो अझै हटेको छैन। मधेशमाथि औपनिवेशिक लादिएको हो। मधेशी जनतालाई अझै पनि राज्यले स्विकार गरेको जस्तो देखिदैन। मधेश र मधेशी जनतालाई यो राज्यका अन्य समुदायभन्दा फरक व्यवहार हुन्छ। मधेशको हकमा मण्डले राष्ट्रवादको सोच अझै पनि यो देशका शासकहरुसँग छन्। मधेशमा आफ्नो हक र अधिकारको कुरा उठाउँदा पनि भारतसँग जोडेर हेर्दिन्छन्, यतिसम्म कि मधेशीलाई पनि भारतीय सम्झिन्छन्। तर भारतीय विस्तारवादको सबभन्दा बढी पिडित मधेशी जनता नै हो। यद्यपी राज्यले गलत बुझेको छ।

**माओवादीले पनि मधेशी जनतालाई त्यस्तै सम्झेको हो र ?**

माओवादी पार्टीभित्र पनि मधेशी नेतालाई कमजोर नेताको रुपमा हेरेको छ। पार्टीभित्र मधेशी नेताको कुनै महत्व नै छैन त्यहाँ। उनीहरुको नेतृत्वदायी भूमिका नै छैन अनि मधेशमा कसरी पार्टी बनोस्। जनता शक्तिको पछि लाग्छ तर माओवादीमा रहेका मधेशी नेतासँग शक्ति नै छैन, शक्तिविहिन बनाएर पार्टीमा राखेको छ त्यही भएर मधेशी जनता माओवादीको भर परेको छैन। मधेशी नेतालाई पार्टीभित्र नै महत्व छैन भने त्यसको पछि किन लाग्ने भनि भन्न थालेका छन् त्यहाँका जनता। जो बलिया छन्, शक्तिशाली छन्, जसको पार्टी र यहाँको शासन प्रशासनमा चल्छ त्यसको पछि लागेका छन्। अर्को कुरा माओवादी पार्टीभित्र अन्तरविरोधले पनि जाडा गाडेको छ। तर त्यसलाई समाधान गर्ने प्रयास भइरहेको छैन। समाधान गर्ने भन्दा गुट उपगुटमा पार्टीलाई विभाजन गरेको छ। समस्या समाधान गर्नेभन्दा पनि झन बढाई दिने र त्यहाँको नेतृत्वलाई विकास नै गर्न नदिने अवस्थाको सृजना भएको छ। त्यसले गर्दा संगठन व्यवस्थित हुन सकेन। मधेशमा पार्टीका लागि त्यत्रो बलिदान, त्यस्तो संघर्ष गरिएको छ तर त्यसको मूल्यांकन पार्टीभित्र कही कतै कुनै ठाउँमा छैन। मधेशमा चेतनाको विकास गर्ने काम माओवादीले गरेको छ तर त्यही पार्टीमा मधेशी नेताहरुको मूल्यांकन छैन।

**के माओवादीमा एउटै भाषा एउटै भेषको नीति छ ?**

बरु माओवादीले महेन्द्र राष्ट्रवाद, मण्डले राष्ट्रवादको विरुद्ध लडेको छ, त्यसलाई हटाउने प्रयास गरेको छ। राष्ट्रियतालाई एकीकृत गर्ने काम गरेको छ। यत्रो संसारभर कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा रहेको बेला माओवादीले त्यसलाई अगाडि बढायो त्यो आफैमा गौरव गर्ने लायकको काम थियो तर पार्टीभित्र मधेशलाई हेर्ने दृष्टिकोणमा अझै परिवर्तन आएन।

**माओवादीमा एउटै भाषा, एउटै भाषाको नीति छैन भन्नुभएको छ तर त्यो पार्टीभित्र जहाँ हेर्दा एउटै अनुहार देखिन्छ यो त त्यही नीतिको तहत भएको होइन र ?**

माओवादीले वर्गीय आन्दोलन गरेको थियो। माओवादीलाई सबै वर्ग तथा समुदायले साथ दिएका थिए। तर साँच्चै भन्ने हो भने पार्टीभित्र एउटै वर्ग एउटै समुदायको पक्कड भएको कुरा पनि अनुभव गरिएको छ। तर हामीले आशा गरेका छौं कि यो तीन महिने अभियानको क्रममा सबै वर्ग र समुदायलाई समेट्छ, समावेशी गर्छ भनि विश्वास लिएको छौ। नीति परिवर्तन भएको छ अब पार्टीले नियत पनि परिवर्तन गर्नुपर्छ।

**माओवादीले मधेशमा मधेशवादी दलसँग प्रतिस्पर्धा गर्न सक्छ कि सक्दैन ?**

नेपालको राजनीतिक परिवर्तनमा मधेशको पनि योगदान छ। मधेशवादी दलले पनि संघीयता र लोकतन्त्रको लागि संघर्ष गरेको हो। केही कुरामा फरकमत राखेका छन् त्यो बेग्लै कुरा हो तर परिवर्तनका लागि मधेशवादी दलको योगदान पनि छ। खासगरि मधेशमा पनि परिवर्तनकारी शक्तिकै बीचमा प्रतिस्पर्धा हुन्छ। जसले मधेशी जनताको मन जित्छ उ अगाडि बढ्छ।

**माओवादीले मधेशी जनताको मन जित्न सक्छ कि सक्दैन ?**

एक समय थियो, मधेश माओवादीमय थियो। एक पटक त माओवादीका अध्यक्ष प्रचण्डलाई मधेशले पनि जिताएर पठाएको थियो। तर पछिल्लो समय माओवादी पार्टीले मधेशप्रति ध्यान नदिएको देखिन्छ। अर्थात माओवादीले मधेशी जनताको मन जित्न सकेको छैन। यदि जितेको भए मधेशमा माओवादीको यो हालत हुने थिएन।

# संगिता यादव जसले मान्नुभ



- एउटा महिला आफैमा आत्मनिर्भर र आत्मशक्ति भएपछि उसले आफूलाई मात्र होइन, आफ्नो परिवार र सिगैं समाजलाई नै परिवर्तन गर्ने सामर्थ राख्दछन् । त्यसमध्येको एक हुनुहुन्छ, सिरहाका संगिता यादव । जतिबेला उहाँले पढाई गरिरहनु भएको थियो, त्यतिबेलाका समाजले छोरी चेलिबेटीलाई घरबाट पनि निस्कन दिइरहेको थिएनन् । त्यस अवस्थामा पनि उहाँले आफ्नो घर परिवारलाई कन्भिन्स गरेर पढाईलाई अगाडि बढाउनुभयो ।

- संगिताका आमाबुवाले छोरीहरुलाई पनि छोरा सरह नै शिक्षा दिनुभएको हो । त्यसमा सबभन्दा जोडबल संगिताका आमाको थियो । धनुषाका सकल भवन कन्या माविबाट २०५२ मा एसएलसी पास गर्नुभएका संगिता स्कूलको बोर्डका टपर विद्यार्थी हुनुहुन्थ्यो । त्यतिबेला पाँच कक्षामा नै बोर्ड परीक्षा हुन्थ्यो । संगिता पढ्ने स्कूलको हेडमास्टर विमला राणा हुनुहुन्थ्यो, सगिताले भन्नुभयो, 'विमला म्यामले मलाई निकै प्रोत्साहन गर्नुहुन्थ्यो, उहाँले मलाई विभिन्न प्रतियोगात्मक कार्यक्रममा भाग लिन उत्साहित गर्नुहुन्थ्यो, ठाउँ ठाउँमा लग्नु हुन्थ्यो र पठाउनु हुन्थ्यो ।

- हेडमास्टर विमला राणा पनि सगिताप्रति निकै खुशी हुनुहुन्थ्यो । बोर्ड परीक्षामा राम्रो नतिजा ल्याए पछि घरपरिवार तथा स्कूलले पनि संगिताको पढाईमा ध्यान दिन थालेका थिए । २०५२ मा एसएलसी पास गरेपछि त्यस लगतै २०५३ सालमा राराब क्याम्पस धनुषामा आइकममा नाम लेखाउनु भयो । उहाँका आमाबुवाले छोरी संगितालाई साइन्स पढाएर डाक्टर बनाउन चाहन्थे तर संगितालाई त्यतातिर रुची नै गएन ।

- सिरहाका विष्णुपुरका डा.विरेन्द्रप्रसाद यादवसँग २०६० मा भयो । बिहेपछि केही समय घरपरिवारमा अल्भिनुभयो । त्यसबीचमा एक डेढ वर्ष उहाँको पढाईमा ब्रेक लाग्यो । त्यही बीचमा एउटा छोराको जन्म पनि दिनुभयो । अब पढाई अगाडि बढ्छ कि बढ्दैन भनि उहाँलाई लागेको थियो । तर उहाँ निराश हुनुभएन ।

- डाक्टर विरेन्द्रलाई सर्जन सम्बन्धी थप पढाइका लागि बाहिर जानु थियो तर आफू बाहिर गएपछि संगिताको पढाई बिग्रिन्छ भनि केही समय आफ्नो पढाई स्थगित राखेर उहाँको पढाईमा सहयोग गर्नुभएको थियो ।

महिला आफैमा कमजोर हुँदैन, उसले आफैमा हिनताबोध गरेको कारण कमजोर भएका हुन्छन् । एउटा महिला आफैमा आत्मनिर्भर र आत्मशक्ति भएपछि उसले आफूलाई मात्र होइन, आफ्नो परिवार र सिगैं समाजलाई नै परिवर्तन गर्ने सामर्थ राख्दछन् । त्यसमध्येको एक हुनुहुन्छ, सिरहाका संगिता यादव । जतिबेला उहाँले पढाई गरिरहनु भएको थियो, त्यतिबेलाका समाजले छोरी चेलिबेटीलाई घरबाट पनि निस्कन दिइरहेको थिएनन् । त्यस अवस्थामा पनि उहाँले आफ्नो घर परिवारलाई कन्भिन्स गरेर पढाईलाई अगाडि बढाउनुभयो ।

पढाईमा जब उहाँ अगाडि बढ्नु भयो, त्यसपछि उहाँले पछाडि फर्केर कहिले हेर्नुभएन । अहिले उहाँ जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्रको महाप्रबन्धक हुनहुन्छ । र, ४० वर्षको इतिहासमा पहिलो पटक मधेशी महिला सो केन्द्रको महाप्रबन्धक हुनुभएको हो र त्यसको अवसर पनि संगिताले नै पाउनु भएको हो । बुवा देवेन्द्र यादव र आमा रामदुलारी देवीका छोरी संगिता यादवको जन्म धनुषाको मिथिला बिहारी नगरपालिका पहिलाको कचुरी गाउपालिकामा भएको हो ।

उहाँका एक जना दिदी सविता यादव र दुई जना वहिनी सोनु यादव र अन्जु यादव हुनुहुन्छ । सविता यादव मास्टर्स गरेर जागिरे हुनुहुन्छ भने सोनु अष्ट्रेलियामा डेन्टिस्ट हुनुहुन्छ । अञ्जु यादव पनि अमेरिकामा डेन्टिस्ट हुनुहुन्छ । संगिताका दाजु चन्द्रशेखर अधिकारी पनि इन्जिनियरीङ गर्नुभएको छ । केही समय बैंकमा जागिर पनि खानुभयो तर पछि जागिर छाडेर आफ्नै व्यवसायी सुरु गर्नुभयो । अर्थात संगिताका आमाबुवाले छोरालाई मात्र होइन चार जना छोरीलाई पनि उच्च शिक्षा दिनु भएको छ । यो र तराई मधेशको यो एउटा उदाहरण हो ।

जहाँ मधेशी समुदायमा खासगरि यादव समुदायका छोरीलाई त्यति पढाउने चलन थिएन । छोरीलाई जति बढी पढाईयो त्यति नै दहेज दिनुपर्छ भन्ने मान्यता भएको कारण बरु पढाई नगराउने अलिकति दहेजमा खर्च गरेर बिहे गरी पठाई दिने चलन थिया । तर त्यो सोचमा अहिले धेरै परिवर्तन आइसकेका छन् ।

**शिक्षा**

संगिताका आमाबुवाले छोरीहरुलाई पनि छोरा सरह नै शिक्षा दिनुभएको हो । त्यसमा सबभन्दा जोडबल संगिताका आमाको थियो । धनुषाका सकल भवन कन्या माविबाट २०५२ मा एसएलसी पास गर्नुभएका संगिता स्कूलको बोर्डका टपर विद्यार्थी हुनुहुन्थ्यो । त्यतिबेला पाँच कक्षामा नै बोर्ड परीक्षा हुन्थ्यो । संगिता पढ्ने स्कूलको हेडमास्टर विमला राणा हुनुहुन्थ्यो, सगिताले भन्नुभयो, 'विमला म्यामले मलाई निकै प्रोत्साहन गर्नुहुन्थ्यो, उहाँले मलाई विभिन्न प्रतियोगात्मक कार्यक्रममा भाग लिन उत्साहित गर्नुहुन्थ्यो, ठाउँ ठाउँमा लग्नु हुन्थ्यो र पठाउनु हुन्थ्यो । यहाँसम्म कि उहाँले गाउँका चेलिबेटीहरुलाई अध्ययन गर्नका लागि उत्साहित गर्नुहुन्थ्यो ।' बिमला म्यामले आफूमाथि लगाउनु भएको गुण आफूले कहिले पनि बिर्सन नसकिने बताउँदै संगिताले त्यतिबेला मधेशमा छोरीलाई पनि पढाउनु पर्छ भन्ने मान्छेमा सोच नै थिएन, उच्च जाती (ब्राहमण, कायस्थ)ले मात्र छारीलाई पढाउने गरेको बताउनुभयो ।

तर आफ्नो घरपरिवामा छोरी चेलिबेटीलाई पनि पढाउनुपर्छ भनि सोच सबैमा आफूले पाएको बताउँदै उहाँ भन्नुहुन्छ, 'मैल पाँच कक्षाको बोर्ड परीक्षा पास गर्दा छरछिमेक गाउँमा पनि चर्चा भयो, मलाई बधाई दिन मान्छेहरु घरमै आउँथे, केही न कही पुरस्कार दिएर मलाई सम्मान गर्थे, त्यतिबेला मेरो परिवारको खुशीको सीमा थिएन । त्यसपछि त झन छोरी चेलिबेटीलाई पढाउनुपर्छ भनि मान्यता स्थापित मेरो घरमा मात्र होइन छरछिमेकमा पनि भयो ।'

हेडमास्टर विमला राणा पनि सगिताप्रति निकै खुशी हुनुहुन्थ्यो । बोर्ड परीक्षामा राम्रो नतिजा ल्याए पछि घरपरिवार तथा स्कूलले पनि संगिताको पढाईमा ध्यान दिन थालेका थिए । २०५२ मा एसएलसी पास गरेपछि त्यस लगतै २०५३ सालमा राराब क्याम्पस धनुषामा आइकममा नाम लेखाउनु भयो । उहाँका आमाबुवाले छोरी संगितालाई साइन्स पढाएर डाक्टर बनाउन चाहन्थे तर संगितालाई त्यतातिर रुची नै गएन ।

उहाँ भन्नुहुन्छ, डाक्टर पढेपनि त्यति अपर्चुनिटी देखिनन् मैले । बरु कमर्श पढेपछि यसका क्षेत्र निकै विस्तार छ, जहाँ पनि काम गर्न पाइन्छ भनि थाह पाएर मैले यो सेक्टर रोजेको थिए ।' संगिताले कमर्श रोजेपछि उहाँका आमा बुवाले पनि इन्कार गर्नुभएन । छोरीकै इच्छामा छोड दिनुभयो । श्रीमान डाक्टर हुनुहुन्छ, तैपनि उहाँको पढाईमा कुनै हस्तक्षेप गर्नुभएन र उहाँ जुन सोचका साथ पढ्नु भयो त्यसमा सधै अगाडि बढ्दै जानुभयो । सोही कलेजबाट उहाँले बीबीएस पास पनि पास गर्नुभयो । उहाँले बीबीएसमा कलेजमै सबभन्दा बढी मार्क्स ल्याउनु भएको थियो ।

उहाँले आफ्नो कमर्श फ्याकेल्टीमा मात्र होइन, साइन्स र माइनेजमेन्ट फ्याकेल्टीका सबै विद्यार्थीलाई जित्नु भएको थियो । अर्थात कलेजमै सबभन्दा बढी मार्क्स लिएर पास भएपछि उहाँको चर्चा जनकपुरभर फैलिएको थियो । उहाँको पढाईलाई जसले पनि चर्चा गरिरहेका थिए । छोरीले पनि केही गरेर देखाउन सक्छ भनि उदाहरण बनेर संगिताले देखाउनु भएको थियो । कलेज



# ...भयो स्ट्रगललाई पनि अवसर



टप गर्दा पनि उहाँलाई सम्मान गरिएको थियो । घरपरिवार र कलेजले पनि गर्वको अनुभूती गरेको थियो । बीबीएस राम्रो मार्क्स लिएर पास गरेपछि उहाँको पढाईको चर्चासँग विहेको अफर पनि आउन सुरु भएको थियो । सुरुमा त संगिताले अझै पढेपछि मात्र विहे गर्ने सोचमा हुनुहुन्थ्यो तर घरपरिवारले आग्रहलाई पनि उहाँले अस्विकार गर्न सक्नुभएन । सिरहाका विष्णुपुरका डा.विरेन्द्रप्रसाद यादवसँग २०६० मा भयो । बिहेपछि केही समय घरपरिवारमा अल्झिनुभयो । त्यसबीचमा एक डेढ वर्ष उहाँको पढाईमा ब्रेक लाग्यो । त्यही बीचमा एउटा छोराको जन्म पनि दिनुभयो । अब पढाई अगाडि बढ्छ कि बढ्दैन भनि उहाँलाई लागेको थियो । तर उहाँ निराश हुनुभएन ।

उहाँको श्रीमान डा.विरेन्द्र यादव बिराटनगरको कोशी अस्पतालमा कार्यरत हुनुहुन्थ्यो । संगिता पनि बिराटनगर जानुभयो । केही समय पनि त्यहाँको व्यवस्थापन कलेजमा एमबीएमा उहाँले नाम लेखाउनुभयो । केही ढिलो भएपनि उहाँले आफ्नो आफ्नो पढाईलाई निरन्तरता दिन सक्नु भएमा खुशी हुनुहुन्थ्यो । उहाँले भन्नुहुन्छ, 'भाग्यले मेरो श्रीमानलगायत सासु ससुरालगायत परिवारका सबै सदस्यबाट एकदमै सर्पोट पाए, यहाँसम्म कि मेरो श्रीमान डाक्टर हुनुहुन्छ, त्यतीबेला उहाँले आफ्नो पढाई भन्दा मेरो पढाईलाई प्राथमिकता दिनुभयो, मेरो पढाई सकाएर मात्र उहाँले आफ्नो पढाईमा लाग्नुभयो ।' संगिता बिराटनगरको कलेजमा अध्ययन सुरु गर्दा उहाँको पेटमा बच्चा थियो । त्यहीबेला परीक्षा पनि सुरु भएको थियो । बच्चा हुने बेला भइसकेको थियो त्यो बेलामा पनि उहाँ परीक्षालाई निरन्तरता दिनुभयो । अन्तिम परीक्षा दिएको पाँच दिनपछि उहाँले छोराको जन्म दिनुभयो ।

अध्ययन र परिवारलाई सँगसँगै अगाडि बढाउनु भएका संगिता भन्नुहुन्छ, एमबीएको परीक्षा दिएको पाँच दिनपछि बच्चा जन्मियो, त्यसलाई मलाई केही फरक परेन म पनि खुशी, घरपरिवारका अन्य सदस्यहरु पनि खुशी थिए ।' क्यारियर सुरु गर्ने बेला नै बच्चा जन्मनुलाई कतिपय महिलाले राम्रो मान्दैनन्, सकभर बच्चा नभइ दियोस् भनि चाहना राख्छन् तर संगिताको सोचाई अन्य भन्दा फरक रहेको छ ।

एउटा महिलाको लागि आमा बन्नु भनेको ठूलो कुरा हुन्छ । उहाँ भन्नुहुन्छ, 'एउटा महिलाले बच्चालाई जन्म दिनु भनेको प्राकृतिक कुरा हो, प्रकृतिकलाई कसैले परिवर्तन गर्न सक्दैन, भागवानले दिएको कुरालाई मानवले स्विकार गर्नुपर्छ त्यो सोच मेरा पहिलादेखि नै थियो ।' जन्मनु, विवाह हुनु, बच्चा जन्मनु यी सबै प्राकृतिक कुरा हो, इश्वरले बरदानमा दिएको चिज हो, त्यसलाई कसैले 'इगनोर' गर्नुहुँदैन ।

एउटा महिलाका लागि घर परिवार, बालबच्चा अनि आफ्नो भविष्यलाई एकैसाथ लिएर जाँदा गाह्रो हुन्छ, धेरै ठूलो चुनौति हो तर संगिताले ती सबै चुनौतिलाई सामना गर्नुभयो । उहाँले सबै जिम्मेवारी एकै साथ निर्वाह गर्दै जानुभयो । त्यतिबेला एकजना पुष्प मिस हुनुहुन्थ्यो । उहाँले जीवनका थुप्रै आरोह, अवरोहको बारेमा आफूलाई सिकाएको बताउँदै संगिताले दुख के हो, सुख के हो, चुनौती के हो ती सबैको कुराको बारेमा आफूले सिकाउने गरेको बताउभयो । दुख र चुनौती भनेको जीवनको फरक फरक पाटो हो त्यसलाई आफूले कसरी सहज बनाउदैँ लाने हो त्यसमा भर पर्छ । दुःख र सुख त जीवन भरी चलिरहने प्रकृया हो, त्यसलाई सामना गर्दै अगाडि बढ्नुपर्छ भन्दै उहाँले भन्नुभयो, 'गर्भवती भएको बेला एउटा महिलाले के सोच्दछन् के पीडा हुन्छ त्यो एउटा महिला नै थाह हुन्छ यदि मेरो ठाउँमा अरु कुनै महिला भएको भए बच्चाका लागि यसपटका परीक्षा छोडदिन्छु अर्को सालका लीिग कुर्थे होला तर मेरो दिमागमा त्यो कुरा कहिले आएन ।'

हुन त मेरो मनमा पनि त्यो कुरा कहिले कांही आउँथ्यो कि परीक्षा दिन सकिदैन कि क्या हो, तर अको मनले भन्थ्यो होइन, यसरी हिम्मत हानुहुँदैन अहिले गर्न सकिदैन भने जीवनमा पछाडी पर्न सकिन्छ जीवनमा एक एक पलको महत्व हुन्छ, उहाँले भन्नुभयो, मेरो श्रीमान मेडिकल डाक्टर हुनुहुन्छ उहाँले मलाई निकै सहयोग गर्नुभयो र साथ दिनुभयो ।' धेरैले भन्ने गरेको छ कि यो पुरुष प्रधान समाज हो तर यो कुराको महसुश संगितालाई कहिले भएन । किनभने उहाँको सफलताको पछाडी कुनै नकुनै पुरुषको हात छ । जीवनमा अगाडि बढ्न हरहमेशा पुरुषले नै उहाँलाई साथ दिनुभएको थियो । यदि कुनै पुरुषलाई सफल बनाउनको लागि महिलाको योगदान हुन्छ भने एउटा महिलालाई सफल बनाउनमा पनि कुनै न कुनै रुपमा पुरुषको हाथ हुन्छ ।

**जागिर**

डाक्टर विरेन्द्रलाई सर्जन सम्बन्धी थप पढाइका लागि बाहिर जानु थियो तर आफू बाहिर गएपछि संगिताको पढाई बिग्रिन्छ भनि केही समय आफ्नो पढाई स्थगित राखेर उहाँको पढाईमा सहयोग गर्नुभएको थियो । संगिताले २०६५ मा एमबीए सकाएपछि मात्र डा.विरेन्द्र सर्जनको पढाइका लागि रुस जानु भएको थियो । श्रीमान पढाईका लागि बाहिर गएपछि अब त्यतिकै बस्नुभन्दा केही गर्नुपर्छ भनि उहाँले जागिरको खोजीमा लाग्नुभयो ।

जनकपुरको सीटी कलेजमा उहाँले पढाउन सुरु गर्नुभयो । उहाँले त्यहाँ डेढ वर्ष पढाउनुभयो । उहाँले भन्नुभयो, 'मैले जागिर नगर्दा पनि हुन्थ्यो तर आफ्नो क्यारियरका लागि जागिर सुरु गरेका हुँ, महिला भनेको अर्काको भरमा बाँच्छन् भन्ने मान्यतालाई भत्काउनका लागि मसँग दुईटा बच्चा हुँदा हुँदै जागिर खोजेर गरेको थिए, त्यतिबेला श्रीमान रसियामा अध्ययनका लागि जानुभएको थियो आम्दानीको श्रोत पनि केही थिएन ।' सीट कलेजमा पढाउदै गर्दा अन्य राम्रो जागिरको खोजीमा हुनुहुन्थ्यो । काठमाडौंको एउटाब सहकारीमा जागिर खुलेको थियो । त्यहाँ पनि उहाँले ट्राइ गर्नुभयो । त्यसमा पनि उहाँले जागिर पाउनुभयो । त्यसपछि उहाँले कान्छो छोरालाई आमा-बुवासँग छाडेर जेठोलाई लिएर उहाँ काठमाडौं आउनुभयो । काठमाडौको सहकारीमा आफ्नो जागिर सुरु गर्नुभयो ।

सहकारीमा जागिर गरिहँदा अरु ठाउँमा त्यो भन्दा राम्रो अवसरको खोजीमा हुनुहुन्थ्यो । नभन्दै उहाँले बागमती आयोजनामा पनि जागिर पाउनुभयो । सहकारीमा १० बर्ष जति काम गर्नुभएका संगिताले बागमती आयोजनामा आर्थिक विज्ञको रुपमा काम पाउनु भएको थियो । त्यहाँ उहाँले डेढ वर्षसम्म काम गर्नुभयो । त्यही काम गरिरहँदा जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्रमा महाप्रबन्धकका लागि विज्ञापन निस्केको थियो । उहाँले त्यहाँ पनि फर्म भर्नुभयो र पास पनि गर्नुभयो । उहाँले भन्नुहुन्छ, मेरो कुनै राजनीतिक पृष्ठभूमी छैन, अहिलेसम्म त्यतातिर कुनै ध्यान छैन ।' मागेको ठाउँमा आफ्नो योग्यता अनुसार आवेदन भरिदै गयो, योग्यताकै आधारमा विभिन्न ठाउँमा काम पाउँदै जागिर गर्दै बताउँदै उहाँले सोही क्रममा २०७८ चैत्र २४ गते जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्रको महाप्रबन्धक बन्न सफल भएको बताउनुभयो ।

उहाँ भन्नुहुन्छ, 'मधेश सम्पूर्ण बुवाआमालाई के भन्न चाहन्छु भने छोरीको लागि दहेज होइन, उच्च शिक्षा दिएइर समाजमा समक्ष बनाउनु होस् । छारी आफू सक्षम भएपछि परिवार समाज पनि सक्षम हुँदै जान्छ र आफ्नो समक्ष आएका चुनौतीको सामना गर्दै जान्छ । त्यतिबेला तपाईले दहेजको चिन्ता पनि गर्नुपर्दैन ।'



# समाचार

## ८४ को...

पनि कायम राख्न सकिन्छ भन्दै अभियानमा लागेका छन् भने नयाँ दलहरु पनि ८४ मा आफूलाई उपस्थित गराउने अभियानमा लागेका छन् । अहिले विभिन्न नाममा भइरहेको आन्दोलन त्यसैको संकेत हो, सबै दलले आआफ्नो ठाउँ बनाउन कसैले धर्मको आड लिएका छन् भने कसैले भ्रष्टाचार निवारणको आड लिएका छन् भने कसैले समाजिक उत्तरदायित्वको भुमिका देखाइरहेको विश्लेषक झाले बताउनुभयो । ८४ मा सबैमाथि संकट आउने संकेत ७९ ले देखाई सकेको उहाँले बताउनुभयो ।

२०४६ को जनआन्दोलनपछि आएको बहुदलीय व्यवस्थामा काँग्रेसका तत्कालिन सभापति गिरीजाप्रसाद कोइराला राजपरिवारको साथमा हुनुहुन्थ्यो । बहुदल व्यवस्था भए पनि उहाँले राजाहरुको कुरालाई बढी मान्नुहुन्थ्यो । त्यसको फाइदा माओवादीलाई भयो । यहाँ मौका पारेर माओवादीले जनयुद्ध सुरु गर्‍यो । माओवादीको त्यो जनयुद्धलाई समाप्त पार्न राजपरिवारसँग मिलेर गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवाहरुले निकै ठूलो मेहनत गर्नु भएको थियो । तर सक्नु भएन ।

अब आफ्नो पार्टीका अस्तित्व गुम्ने खतरा देखेपछि त्यति बेलाका दलहरु काँग्रेस, एमाले, जनमोर्चालगायत दलहरुले आन्दोलनको घोषणा गरे तर जनताले पत्याएन । पटक पटक आन्दोलनको घोषणा गरे पनि जनता सडकमा आएनन् । त्यपछि खगेन्द्र संग्रौला, कृष्ण पहाडी, निनु चापागाँई, श्याम श्रेष्ठ, दमननाथ ढुंगानालगायतका नागरिक अगुवाहरु सडकमा आएपछि जनताहरु पनि अलिअलि सडकमा आउन थाले । त्यतिले पनि आन्दोलन गति नलिएपछि त्यतिबेलाका काँग्रेसलगायतका दलले जंगलमा रहेको माओवादीसँग सहयोग मागेका थिए । माओवादीहरु काठमाडौँको आन्दोलनमा सहभागी भएपछि मात्र त्यो जनआन्दोलन सफल भएको थियो । यसरी सुरुदेखि नै नेपाली जनताहरुले नयाँ तथा वैकल्पिक शक्तिमाथि विश्वास गर्दै आएको हो । अहिले पनि यी दलहरुमाथि जनताले विश्वास गर्न छाडेपछि ८४ को त्रास सबैतिर देखिएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र ल्याएका दलहरुले जनतासँग गरेका प्रतिवद्धता पुरा गरेका छैनन् । विगतभन्दा अहिलेको शासन सत्तामा भ्रष्टाचार मौलाएको छ । नेताहरुको रहनसहन, हाउभाउ निकै महँगो हुँदै गइरहेको छ । जनताको सुखसय र सुविधा भन्दा आफ्नो र आफन्तको सुखसयल र सुविधामा बढी ध्यान दिएका छन् । स्थानीय तह, प्रदेशदेखि संघसम्म भ्रष्टाचारले आफ्नो जडा गाडि सकेको छ तर त्यसलाई हटाउने प्रयास पनि दलहरुबाट देखिएको छैन । त्यसले गर्दा जनताले वैकल्पिक शक्तिको खोजीमा लागेका छन् ।

## मधेशलाई...

पछिल्लो समय चिनियाँ कम्पनीले लहानको वडा नम्बर २४ मा रहेको खप्ते डाँडालाई पनि उत्खनन् गर्ने तयारी गरेका छन् । त्यहाँ विभिन्न संरचनाहरु बनाउने काम भइरहेको छ । पुरातात्विक महत्वको त्यो डाँडा उत्खनन्का लागि सरकारसँग अनुमति लिएको छैन तैपनि त्यहाँ उत्खनन्को तयारी भइरहेको छ । यसमा पनि लहान नगरपालिकाका मेयर चौधरीले भित्रभित्रै अनुमति दिइसक्नु भएको छ तर बाहिर उहाँले यस बारेमा आफूलाई केही पनि जानकारी नरहेको बताउँदै आइरहनु भएको छ ।

## जहाँ...

नेसपा र माओवादीबीच एकीकरणका लागि पहिलादेखि कुरा चलिरहेको थियो । बाबुरामले पार्टीको नाम फेर्नु पर्ने प्रस्ताव गर्नुभएको थियो । सो प्रस्ताव स्विकार गर्दै माओवादी पार्टीको नाम फेर्न तयार भएको जानकारी महेन्द्र र बाबुरामलाई एक साथ गराएका थिए । बाबुराम भारतको दिल्लीमा भएको कारण प्रचण्डले दुवै जनालाई मेल गरेर पत्र पठाउनु भएको थियो । तर बाबुरामले आफूले पत्र नपाएको दावी गर्न थाल्नु भएको छ । मुख्य कुरा बाबुरामले महेन्द्रराय यादवलाई स्विकार नगरेको कारण सो पत्रको बारेमा अनभिज्ञता जनाउनु भएको छ । महेन्द्रलाई पत्र पठाएको कारणले नै बाबुराम माओवादीसँग एकीकरण हुँदैन भन्न थाल्नुभएको छ ।

## माओवादीले...

पैसा बुझाएको थिए तर आज उहाँ बेइमान हुनुभयो ।' यस विषयमा सुरेशचन्द्र दास यादवसँग सम्पर्क गर्ने प्रयास सहारा टाइम्सले गर्‍यो । सम्पर्क गर्दा उहाँका छोरासँग कुराकानी भयो । उहाँका छोरा गौरव दास यादवले आश्चर्य मान्दै भन्नुभयो, 'यो कुरा प्रथमपटक तपाईको मुखबाट सुन्दैछु, यो पुरै निराधार कुरा हो, बुवाले त्यस्तो कुनै रकम लटलसँग नलिएको दावी गर्नुभयो । यो राजनीतिक रुपमा कसैले अफवाह फैलाइएका होला यस्तो खालको रकमको लेनदेन कसैसँग नभएको दावी गौरवले गर्नुभयो ।























# डायनको प्रभाव कम गर्न झिझिया नृत्य



दशैंको चहलपहलसँगै तराई मधेशमा झिझियाँको पनि सुरुवात हुन्छ। दशैं भन्ने बित्तिकै तराई मधेशमा सबभन्दा पहिले झिझिया नृत्यको झझल्को आउँछ। यो मनोरञ्जनामत्मक भएपछि परम्परात्क नृत्य हो र यसले तराई मधेशको सँस्कृतिलाई प्रतिनिधित्व गरेको हुन्छ। यो नृत्य पूर्ण तान्त्रिक विधिअनुसार गरिन्छ। घटस्थापनादेखि विजया दशमीसम्म देवी स्तुतिको रुपमा गरिने यो नृत्य तराई मधेशका महिलाद्वारा गरिन्छ। पहिला टोलटोलका महिलाहरुले गर्ने यो नृत्यले व्यवसायिक रुप लिँदैछन्। दशैंको सुरुवातसँगै झिझिया नृत्यमा विभिन्न प्रतियोगिताहरु समेत हुने गरेको छ। प्रतियोगितामा जित्नेहरुलाई उपहार पनि दिने गरेको हुनाले यो आधुनिक युगमा पनि झिझियाको महत्व कम भएको छैन। सन्तान र समाजको सुरक्षाका लागि यो झिझिया नृत्य हुने गरेको आम विश्वास अझै कायम छ। झिझिया गीत तथा नृत्यबाट गाउँ समाजमा जादु, टुनामुना, बोक्सी आदिको प्रभाव कम गर्छ भनि आम बुझाई हो।

बलिरहेको दियो तथा असंख्य प्वाल पारिएको घैंटो टाउकोमा राखि महिलाहरुले गीत गाउँदै नेतृ गरेका हुन्छन् जो निकै मनमोहक हुन्छ। महिलाको टाउकोमा राखिएको घैंटोको प्वाल कुनै बोक्सीले गन्न सफल भइनन् भने नाच्ने महिलाको मृत्य हुने आमविश्वास छ। त्यसै कारणले महिलाहरु झिझिया नृत्य गर्दा जतिखेर पनि टाउको हलाई रहनुपर्छ।

महिलाहरुले विशेष सुर र तालमा तथा झिझियाको गीतमा झुमी टाउकामा घैंटो राखेर चारैतिर फन्को मारिरहँदाको दृश्य निकै मनमोहक हुने गरेको हुन्छ। नृत्यसँगै गाइने सो गीतमा बोक्सीलाई गाली गरिनुका साथै धम्कीसमेत दिइरहेका हुन्छन्। त्यस्तो गालीयुक्त गीतले बोक्सीको प्रभाव कम हुने गरेको आमविश्वास छ।

बडा दशैंको शुभकामना
२०८० को बडा दशैं, लक्ष्मी पुजा तथा महान छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षा प्रेमी, विद्यार्थी भाइ बिहिनी, गुरु, शिक्षक वर्ग, देशवासी तथा विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनी, एवं सम्पूर्ण ब्रतालुहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
हेप्पी ल्याण्ड सकेण्ड्री स्कुल
राजविराज-३ सप्तरी
फोन नम्बर: ०३१-५२०६१८

बडा दशैंको शुभकामना
दुध सेवन गरौं, स्वथ्य रहौ
महान विजया दशमी, शुभदीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी, विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनी एवं सम्पूर्ण उपभोक्ता, किसानमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। भगवानले तपाई सबैको रक्षा गरोस्।
सञ्जिव झा
महानिर्देशक
दुग्ध विकास संस्थान (डीडीसी)
लैनचौर

बडा दशैंको शुभकामना
बडा दशैं, लक्ष्मी पुजा तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी, विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनी, ब्रतालुहरु एवं औरही वडा नम्बर ५ का सम्पूर्ण जनतामा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
रामपृत यादव
वडा अध्यक्ष,
सिरहा, औरही गाउँपालिका वडा नम्बर ५

बडा दशैंको शुभकामना
बडा दशैं, लक्ष्मी पुजा तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी, विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनी, ब्रतालुहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।
उमेश यादव
केन्द्रीय सदस्य
माओवादी केन्द्र

बडा दशैंको शुभकामना
बडा दशैं, लक्ष्मी पुजा तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी, विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनी, ब्रतालुहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।
प्रदीप यादव
केन्द्रीय सदस्य एवं प्रतिनिधि सभा सदस्य
जनता समाजवादी पार्टी नेपाल

स्वस्थ जीवनको लागि
DDC
गाईको दूध
१००%
शुद्ध गाईको दूध
दुग्ध विकास संस्थान

दिवा तथा रात्री सेवा
आरामदायी यात्राका लागि सम्झनु होस्
एञ्जल A/C हाएस
बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौंसम्म
सम्पर्क
काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५११९०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९९२५२५
सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३१
विरेन्द्र-९८१६७०२०००

जानकारी



# शिवनारायणले शिक्षाका लागि गर्नुभएको संघर्ष

२०४४ मा एसएलसी पास गर्नुभएका शिवनारायणलाई भारत गएर आइएससी अध्ययन गर्ने इच्छा जाग्यो । तर एसएलसीको सन्तोषजनक नतिजा नभएको कारण साथी तथा छरछिमेकले आइएससी नपढ्न सुझाव दिन्थे

मान्छेले कतिपय चाहना चाहदा चाहदै पनि पुरा भइरहेका हुँदैन भने कतिपय अवस्थामा न चाहदा नचाहदै पनि भइरहेका हुन्छन् । त्यस्तैमध्येका एक हुनुहुन्छ, प्रध्यापक डा.शिवनारायण यादव । ५३ वर्षीय शिवनारायण यादवले जे चाहनुभयो ती सबै प्राप्त गर्दै जानुभयो । गाउँको समान्य स्कूलबाट पढ्नु भएका शिवनाराण अनेक व्यावधानको सामना गर्दै पीएचडीसम्म गर्नुभयो । र, सो अवधिमा विभिन्न कलेज तथा स्कूलको पनि स्थापना गर्नुभयो ।

आइएससी वा बीएससी गरेर मास्टरी वा अरु कुनै जागिर गरेर घर व्यवहार चलाउने सोच उहाँको थियो तर एकपछि अर्को गर्दै उहाँ पीएचडीसम्म गर्नुभएको छ । आर्थिक अवस्था कमजोर भएको कारणले केही पढेर जागिर गरि घर व्यवहार सम्हाल्ने उहाँको सोच थियो । सप्तरी विष्णुपुर-१ खुरहुरियाका शिवनारायण यादव कक्षा एकदेखि सातसम्म आफ्नै गाउँको तत्कालिन जनता निमावि खुरहुरियामा र आठदेखि १० सम्म राजविराजको पब्लिक माविमा पढ्नुभयो ।

**गाउँलेको अविश्वास**

२०४४ मा एसएलसी पास गर्नुभएका शिवनारायणलाई भारत गएर आइएससी अध्ययन गर्ने इच्छा जाग्यो । तर एसएलसीको सन्तोषजनक नतिजा नभएको कारण साथी तथा छरछिमेकले आइएससी नपढ्न सुझाव दिन्थे । साइन्स निकै गाह्रो विषय हो, एसएलसीमा जुन परिणाम आएको छ, त्यसले साइन्स पढ्न गाह्रो हुने बरु आइए पढाउँदा ठिक हुने कुरा साथी तथा टोल छरछिमेकका मानिसहरुले शिवनारायणको बुवालाई सुझाव दिने गर्थे । तर शिवनारायणले साइन्स नै पढ्ने मन बनाई सक्नुभएको थियो । साइन्स पढ्ने कि आइए पढ्ने त्यही अन्योलमा ६ महिना समय कटिसकेको थियो । अन्त्यमा उहाँ हिम्मत गरेर एक्लै भारतको मध्यपुर जानुभयो । स्कूलका साथी विरेन्द्र यादवलाई खोज्दै त्यहाँ त पुग्नुभयो तर उहाँ भेटिरहनु भएको थिएन ।

दिनभर बजारमा त्यतिकै खोजिरहनु भयो । खोज्दै जाँदा एक जना नेपाली बाबासँग उहाँको भेटभयो । उहाँसँग शिवनारायणले विरेन्द्र यादवलाई भेटाउनमा सहयोग गर्न आग्रह गर्नुभएको थियो । नेपाली बाबाले भन्नुभएको थियो, 'एक जना विरेन्द्र यादवलाई चिन्छु, उहाँ नेपालकै हुनुहुन्छ तपाईले खोज्नु भएको व्यक्ति त्यही हो कि अर्को थाह छैन तर भेटाइ दिन्छु ।' विरेन्द्रसँग शिवनाराणको राती आठ बजे भेट भयो ।

विरेन्द्रसँग भेट्ने बित्तिकै शिवनारायणले सोध्नु भएको थियो, 'मेरो आइडमिसन हुन्छ कि हुँदैन ।' विरेन्द्रले आइडमिसन हुन्छ भने पछि शिवनाराणको खुशीको सीमा थिएन । तर के गर्नु गाउँबाट भारत जाँदा सय रुपियाँ लिएर जानु भएको थियो, आइडमिसन गराउनका लागि पैसा नपुगेपछि उहाँ त्यसकै भोलीपल्ट गाउँ फर्किनुभयो ।

**पार्वती कलेज**

गाउँ आएपछि फेरि त्यही लफडा । गाउँका छरछिमेकले पढ्न नजानु, साइन्स निकै गाह्रो विषय हो, पढाई यतिका छुटिसकेको छ बरु यतै कुनै कलेजमा नाम लेखाएर पढ्नु भनि सुझाव दिइरहेका थिए । तर शिवनारायणले मन बनाई सकेका कारण कसैको सुन्नु भएन । उहाँले दाल, चामल एउटा बोरामा बाँध्नुभयो र बुवासँग पाँच सय रुपियाँ लिएर भारत पुग्नुभयो । त्यहीको पार्वती साइन्स कलेजमा आइएससीमा नाम लेखाएर पढाई सुरु गर्नुभयो । त्यहाँ विरेन्द्रकै डेरामा सँगै बस्न थाल्नुभयो ।

पढाई निकै अगाडि बढी सकेको कारण शिक्षकले पढाउँदा उहाँ केही बुझिरहनु भएको थिएन । तर हिम्मत हार्नुभएको थिएन । उहाँलाई रुम पार्टनर विरेन्द्र यादवले पनि सहयोग गरिरहनु भएको थियो । शिवनारायणले विरेन्द्रसँग सहयोग लिनुको साथै ट्युशन पनि पढ्न थाल्नुभयो र आफै पनि निकै मेहनत गर्न थाल्नुभयो । साथीहरु घुम्न जान्थे, रमाइलो गर्थे तर शिवनारण कलेज र कोठाबाहेक कतै जानुभएन । काफिर मेहनत गर्नुभयो र चार पाँच महिनापछि उहाँ पढाईको ट्याक समात्नुभयो ।

**मस्टरलाई चुनौती**

शिवनारायण त्यही कलेजमा पढाउने डा.रामदेव यादव कहाँ ट्युशन पढ्नु हुन्थ्यो । डा.रामदेवले ट्युशनमा पढाउने कुरा शिवनारायणलाई सबै आउथ्यो । उहाँले मास्टरलाई भन्नुहुन्थ्यो, 'सर मलाई यो आउँछ गाह्रो गाह्रो च्याप्टर पढाई दिनु न ।' उहाँले एकपटक होइन, दुई पटक होइन पटक पटक भन्नुहुन्थ्यो । एकदिन ट्युशन मास्टर रामदेव रीसले भन्नुभयो, 'तिमी यो च्याप्टरको प्रश्न सोल्भ गर्दिन्छौं भने म पढाउन छोड दिन्छु ।' मास्टर रामदेवले दिनु भएको भन्दा बढी प्रश्न उहाँले सोल्भ गर्दिनुभयो । त्यसपछि त मास्टर झन आगो हुनुभयो । शिवनारायणलाई तत्कालै ट्युशनबाट निकाल्दिनु भयो । विरेन्द्र र शिवनाराण दुवै जनाले ट्युशन छाड्दिनुभयो । डेरामै मेहनत गर्न थाल्नुभयो ।

**परीक्षामा चिटिङ**

भारतको विहार परीक्षाका लागि त्यतिकै पनि बदनाम ठाउँ हो । अहिले कति सुधार भयो थाह छैन तर पहिला परीक्षामा चिटिङ (नक्कल गर्ने) हुनुको साथै पास गराउनमा पैसा लेनदेनको कुरा पनि हुन्थ्यो । शिवनारायण त्यसबाट पिडित हुनुभयो । उहाँले यत्रो मेहनत गरेपछि नक्कल गर्ने अवस्था नै थिएन, पास हुनका लागि किन पैसा दिने भनि कुरा साथीहरुसँग गर्नुहुन्थ्यो तर अधिकाँश साथीहरुले परीक्षामा नक्कल पनि गरे र कतिपयले राम्रो नम्बरबाट पास हुनका लागि पैसा पनि खर्च गरे ।

तर शिवनारायणले त्यस्तो गर्नुभएन । उहाँले आफूले गरेको मेहनताको आधारमा परीक्षा दिनुभयो । दोस्रो श्रेणी (सेकेण्ड डिभिजन)मा पास हुनुभयो । जब कि उहाँभन्दा कमजोर विद्यार्थीहरु फर्स्ट डिभिजनमा पास भए । त्यसले शिवनारायणलाई निकै चित्त दुखायो । अब इण्डियामा नपढ्ने भनेर उहाँ गाउँ फर्किनुभयो ।

आइएससी पढेर गाउँ फर्केपछि उहाँको चर्चा हुन थाल्यो । जजसले यसले पढ्नै सक्दैन भन्थे, त्यसले पनि प्रशंसा गर्न थाले । यहाँसम्म कि त्यही व्यक्तिले छोरालाई अब इन्जिनियरिङ पढाउनु पर्छ भनि शिवनारायाणका बुवालाई भन्न थालेका थिए । तर शिवनारायणले घरको आर्थिक अवस्था कमजोर भएको कारण अब जागिर गर्नुपर्ने सोच बनाउनुभयो । पाइयो भने कतै मास्टरी गर्ने भनि विभिन्न ठाउँमा कुरा पनि गर्न थाल्नुभयो इन्जिनियरिङ पढ्नु टाढाको कुरा । तर पढ्नै नसक्ने छोराले आइएससी पास गरेर आएपछि उहाँको बुवालाई छोराप्रति आशा जागेको थियो र भन्नुभएको थियो, 'अहिले जागिर सागिर होइन, खुरुक्क पढाईका लागि अगाडि बढ, के पढ्छौ म खेत बेचेर भएपनि पढाउँछु ।'

त्यसपछि शिवनारायणले भन्नुभएको थियो, 'म इन्जिनियरिङ होइन, जनकपुरमा बीएससी पढ्छु ।' इन्जिनियरिङ नपढ्नुको कारण एउटै थियो आर्थिक अवस्था । त्यतिबेलासम्म १२ कठ्ठा जमिन बिक्रि भइसकेको थियो । इन्जिनियरिङ पढ्न निकै खर्च लाग्दो रहेछ, र त्यो खर्च ब्यहोर्ने क्षमता घरको थिएन त्यो थाह पाएर नै बीएससी पढ्न जनकपुर जानुभयो उहाँ ।

**फेरि मास्टरसँग लफडा**

बीएससी गरेर मास्टरी गर्ने सोचका साथ उहाँले जनकपुरमा पढाईलाई निरन्तरता दिनुभयो । भारत जस्तै जनकपुरमा पनि ट्युशन पढ्ने चलन थियो । रामस्वगारथ यादव साइन्सका चल्तीका सर हुनुहन्थ्यो । विहानदेखि रातीसम्म ट्युशन पढाउनु हुन्थ्यो । विद्यार्थी पनि कलेज जस्तै हुन्थ्यो त्यहाँ । शिवनारायणको ब्याच लास्टबाला साँझको पर्‍यो । त्यतिबेलासम्म पढाउँदा पढाउँदै थाकि सकेका हुन्थे अनि सरले भन्नुहुन्थ्यो, 'म मात्रै बोल्छु, बीचमा कसैले प्रश्न सोध्ने होइन, म जे पढाउँछु टिप्दै जानु र घरबाट घोकेर आउनु ।'

तर त्यो पढाईबाट शिवनारायण केही बुझ्नु हुन्थेन । उहाँले बीच बीचमा प्रश्न गर्दिनु हुन्थ्यो । प्रश्न गर्दा सरले जवाफ त दिनु हुन्थ्यो तर गाली गर्दै । त्यसले गर्दा त्यहाँ विद्यार्थीहरु हाँस्नु हुन्थ्यो । यो काम शिवनाराणले पटक पटक गर्नुहुन्थ्यो र सरबाट पटक पटक अपमानित हुनुपर्थ्यो ।

एक दिन नबुझिएको कुरा उहाँले सरलाई फेरि सोध्नु भयो । तर सरले जवाफ दिनुभएन । यो कुरा सबैलाई थाह छ तिमीलाई मात्र किन थाह छैन भन्दै सरले उल्टै झपार्नु भएको थियो । त्यसपछि शिवनारायणले आफूलाई मात्र होइन, यहाँ कुनै पनि साथीलाई यो आउँदैन, यदि आउँछ भने कसैले बुझाई दियोस् भन्दै त्यहाँ रहेका हरेक विद्यार्थीसँग त्यो सोध्नु भयो तर कसैले जवाफ दिनुभएन ।

यो घटनाले रामस्वगारथ सरले शिवनारायणलाई त्यहाँबाट पनि भगाई दिनुभयो । तर शिवनारायणलाई समस्या हुने भयो । साइन्सका गाह्रो गाह्रो च्याप्टर बुझ्न गाह्रो भइरहेको थियो । त्यसपछि उहाँले उपाय निकाल्नुभयो । एक जना साथीलाई रामस्वगारत सर कहाँ ट्युशन पढ्न पठाउनु भयो । र, त्यहाँ पढाएका नोट उहाँले पनि डेरामा अध्ययन गर्नुहुन्थ्यो । त्यसवापत अलिअलि ट्युशन फिमा उहाँले सहयोग गर्नुहुन्थ्यो ।

फस्ट इयरमा आठ जना विद्यार्थी पास भएका थिए त्यसमध्ये शिवनारायण पनि एक हुनुहुन्थ्यो । पास त हुनुभयो तर मार्क्स सन्तोषजनक थिएन । पास भएपछि ट्युशन मास्टर रामस्वगारथले पनि उहाँको प्रशंसा गर्नुभएको थियो भेट्न पनि खोज्नु भएको थियो तर शिवनारायण भेट्न जानुभएन । यद्यपी अहिले त्यो सरसँग शिवनारायणको राम्रो सम्बन्ध छ । सकेण्ड इयर राम्रो मार्क्स लिएर पास गर्नुभयो । बीएससी पनि पास गरेपछि गाउँघर टोल छिमेकमा शिवनारायणको चर्चा हुन थाल्यो । स्कूलमा यतिका कमजोर विद्यार्थी कलेज धमाधम पास गर्दैछन् त्यो पनि साइन्स लिएर सबैले आश्चर्य मान्थे ।

**शिक्षक जागिरको खोजी**

बीएससी पास गरेर गाउँ फर्केपछि उहाँले अब अगाडि नपढ्ने मास्टरी गर्ने पुरै सोच बनाई सक्नुभएको थियो । मास्टरी खोज्नतिर उहाँ लाग्नुभयो । तर पढाईमा राम्रो गर्दै गएको कारण छोरालाई अझै पढाउने इच्छा बुवाको थियो । तर छोरा शिवनारायणले आर्थिक अवस्थाको डरले पढ्ने इच्छा मारिसक्नु भएको थियो । अब मास्टरी गर्ने र घर व्यवहार सम्हाल्ने सोच बनाई सक्नुभएको थियो ।

त्यतिकै पनि पढाई लेखाई र वहिनीको विवाहमा धेरै खर्च भइसकेका छन् । अब पढाईमा खर्च गर्नुहुँदैन भन्दै शिवनारायण जागिर खोज्नेतिर लाग्नु भएको थियो तर उहाँको बुवाले भन्नुभएको थियो, 'तिमी अझै पढ्नुपर्छ, तिमीलाई पढाउनका लागि के के गर्नुपर्छ म सबै गर्छु भएका खेतबारी बेच दिन्छु तर तिमी पढ् ।' बुवाको अगाडि शिवनारायणको केही चलेन उहाँ बाध्य भएर २०५० सालमा एमएससी पढ्न काठमाडौँ आउनुभयो । जनकपुरमा सँगै पढेका साथी राजेश कर्णको सम्पर्कमा जानुभयो । उहाँसँगै बस्नुभयो ।

उहाँले टीयुमा इन्ट्रान्स दिनुभयो । ६० वटा सीटका लागि ७७८ जनाले फर्म भरेका थिए । उहाँले इन्ट्रान्स पनि पास गर्नुभयो । स्कलरसीपका लागि फर्म भर्नुभएको थियो । बीएससीमा मार्क्स राम्रो थियो, गाउँबाट पनि आर्थिक अवस्था कमजोर रहेको भनि सिफारिस ल्याउनु भएको थियो । त्यसले गर्दा उहाँले स्कलरसीप पनि पाउनुभयो । टीयुमा पढ्नका लागि शिवनारायणलाई कुनै फि लागेन ।

**टीयुमा आन्दोलन**

टीयुमा मधेशीमाथि विभेद हुन्थ्यो । शिवनारायण एमएससीमा भर्ना हुनुभन्दा पहिले ३३ जना मधेशीलाई प्रयोगात्मक परीक्षामा फेल गराएको थियो । त्यसका लागि आन्दोलन चलिरहेको थियो । पहिलादेखि विद्रोही स्वभावका शिवनारायणले त्यो आन्दोलनमा सहभागी हुनुभयो । त्यो आन्दोलनले टीयुका प्रदीप भट्टराईको मोटरसाइकलमा आगो लगाई दिएको थियो ।

सयोग त्यसमा शिवनारायणको नाम पनि मुछिएको थियो । एमएससीको फर्स्ट इयरमा शिवनारायणको थर्ड डिभिजन आएको थियो । कारण थियो प्रयोगात्मक परीक्षामा कम मार्क्स । उहाँ भन्नुहुन्छ, 'मलाई पनि त्यतिबेला फिल भएको थियो कि म आन्दोलनमा सहभागी भएकै कारणले यसरी कम मार्क्स दिएको हो ।' यसरी मधेशीलाई जानी जानी फेल गर्न थालेपछि धेरै जनाले त्यतिबेला फिजिक्स पढ्न छाडेका थिए । सेकेण्ड इयरमा शिवनारायणको सम्पर्क सप्तरीका शिवराम यादव (माओवादीका नेता)सँग भएको थियो । शिवराम यादव राजनीतिमा सक्रिय भएर लाग्नु भएको थियो । तर शिवनारायण पढ्नमा राम्रो र पढाइमा रुची भएको कारणले शिवरामले उहाँलाई सहयोग गर्न थाल्नुभयो । राजनीति गतिविधिसँग टाढा राखेर जतिबेला पनि उहाँले पढ्नका लागि प्रेरित गर्नुहुन्थ्यो ।

त्यसपछि शिवनारायणलाई पनि पढाईमा मन लाग्न थाल्यो । एमएससीको सेकेण्ड इयरमा ५८ मार्क्स ल्याउनु भयो तर एउटा पेपरमा उहाँलाई ब्याक थियो । त्यहीबेला नुवाकोटबाट एक जना म्याथ र साइन्सको टिचर खोज्दै आउनु भएको थियो । शिवराम यादवले थाह पाएपछि शिवनारायणलाई सम्पर्क गराउनु भएको थियो ।

**अन्ततः पाउनुभयो जागिर**

शिवनारायणलाई जागिरको निकै आवश्यकता थियो । नुवाकोट जानुभयो । गएकै दिन उहाँलाई कक्षामा पठाई दिनुभयो । पढाउन सक्छ कि सक्दैन भनि त्यो दिन शिवनारायणको जाँच थियो । विद्यार्थीहरु धमाधम प्रश्न गर्न थाले । प्रायः सबैको जवाफ उहाँले दिनुभएको थियो । नेपाली भाषाको टोनमा अलि मैथिली मिसिएको बाहेक अरु विषयवस्तु राम्रो थियो शिवनारायणको । विद्यार्थीले उहाँको पढाइको प्रशंसा गर्नुभएको थियो । त्यसपछि त्यहाँ उहाँको जागिर पक्का भयो । अरु टिचरको ३३ सय तलब थियो भने शिवनारायणलाई चार हजार दियो ।

जागिर पाएकोमा उहाँ निकै खुशी हुनुहुन्थ्यो । तर स्कूलका विद्यार्थीहरु निकै कमजोर थिए र अनुशासनहिन पनि । विद्यार्थीलाई कसरी सुधार्ने चिन्ता शिवनारायणलाई थियो । पढाईमा ध्यान दिनुभन्दा विद्यार्थीहरु अन्य अन्य कुरामा बढी ध्यान दिइरहेका थिए । होमवर्क कसैले गर्दैन्थे, अटेरी गर्थे, क्लासको पढाई छाडेर बाहिर बाहिर डुल्थे ।

यसको कारण के हो भनि पत्ता लगाउन थाल्नुभयो । बुझ्दै जाँदा एक जना नेपाली सेनाका छोरी त्यहाँ पढ्दो रहिछन् । त्यसको पछि सबै केटाहरु लागेका छन् । सेनाको छोरी पनि त्यस्तै त्यस्तै बदमाश थिइन् ।

तर सेनाको छोरी भएको कारणले स्कूलका अन्य शिक्षकहरुले केही भन्दैन्थे । शिवनारायणले विद्यार्थीको बुवालाई बोलाएर यस विषयमा कुरा गर्नुपर्छ पनि हेडमास्टर कहाँ प्रस्ताव राख्नुभयो तर उहाँले मान्नुभएन । सेना भएको कारण सबै डराउथे । होमवर्क नगरेको र भनेको कुरा नमानेको कारण शिवनारायणले एक दिन कक्षा कोठा (कक्षा १०)मा सबै विद्यार्थीलाई कुट्न थाल्नुभयो । सेनाका छोरीलाई पनि बाँकी राख्नुभएन । त्यही दिन उहाँले सेना (विद्यार्थीको बुवा)लाई बोलाउनुभयो । शिवनारायणले सबै कुरा उहाँलाई भन्नुभयो र यहाँबाट छोरीलाई लैजान आग्रह गर्नुभयो । सेनाले चुपचाप त्यहाँबाट आफ्नो छोरी लग्नुभयो ।

त्यसपछि सबै विद्यार्थी आफै नियन्त्रणमा आए । विद्यार्थीहरु पढाईमा ध्यान दिन थाले । पुरै स्कुलमा अनुशासन कायम भयो । त्यसपछि त स्कूलले पनि उहाँको तलब ४८ सय गर्दियो । त्यसले गर्दा अन्य शिक्षकहरु डाह गर्नुहुन्थ्यो उहाँमाथि । तर व्यवस्थापन समिति शिवनारायणको काम देखेर खुशी थियो ।

सबै विद्यार्थी एसएलसी पास गरे । जुन अपेक्षा नस्कूलले गरेको थियो नि अभिभावकले । तर सबै जना पास भएपछि शिवनाराणको चर्चा चारैतिर हुन थाले । गाउँलेहरुले पनि उहाँलाई सम्मान गर्न थाले । केही

**बाँकी पृष्ठ १२ मा**

# मधेशमा मल कारखाना खोल्न चाहन्छ भारत

भारतले नेपालको मधेश प्रदेशमा रासायनिक मलको कारखाना खोल्ने इच्छा देखाएको छ । त्यसका लागि उसले नेपाल सरकारसँग छलफल पनि अगाडि बढाएको छ । सबभन्दा बढी मल खपत हुने क्षेत्र नै तराई मधेश हो र त्यहाँ मल कारखाना स्थापना भयो भने उत्पादित मल खपत पनि हुन्छ र त्यसलाई भारत निर्यात गर्न पनि सजिलो हुने उद्देश्यले भारत सरकार त्यसका लागि नेपाल सरकारसँग गम्भीर रुपमा छलफल अगाडि बढाएको छ ।

भारतका रासायन एवं उर्वरक (मल) मन्त्रालयका प्रतिनिधहरु आएर कृषि तथा पशुपन्छी विकास मन्त्रालयलगायत अन्य सरोकारबालासँग पहिलो चरणको छलफल गरेका छन् । प्रधानमन्त्री प्रचण्ड जेठको दोस्रो साता भारत भ्रमणमा गएको बेला नेपालमा रासायनिक मल कारखाना खोल्ने विषयमा भारतसँग सहमति गर्नुभएको थियो । सोही सहमति भारतले कारखाना खोल्ने प्रकृया सुरु गरेको हो । नेपालमा मलको खपत, निर्यातको अवस्था, कारखानालगाउने स्थानलगायतको बारेमा प्रारम्भिक अध्ययन गरेर भारतीय प्रतिनिनिधिहरु फर्किसक्नु भएको छ । उहाँहरुले रासायनिक मलको कारखाना स्थापनाको बारेमा कृषि मन्त्री डा.बेदुराम भुसाल, कृषि सचिव डा.गोविन्द शर्मालगायत अन्य सरोकारबालासँग छलफल गर्नुभएको छ ।

उहाँहरुले कृषि मन्त्रालयअन्तरर्गतकै नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का अधिकारीहरुसँग पनि त्यस विषयमा छलफल गर्नुभएको छ । भारतका रासायन विभागका निर्देशक निराजन लालको नेतृत्वमा आएका प्रतिनिधिहरुले नार्कका प्रतिनिधिसँग छलफल गर्दै नेपालमा मलको खपतको अवस्था, त्यसको उत्पादन, निर्यातलगायतका विषयमा छलफल गर्नुभयो ।

नार्कका योजना तथा समन्वय निर्देशक डा. लुमानिधि पाण्डेले भारतीय प्रतिनिधिहरु नेपालमा मल कारखानाका लागि अध्ययनलाई अगाडि बढाउनु भएको बताउनुभयो । आफूहरुसँग पनि कारखाना खोल्ने सम्भावित अवस्थाको बारेमा उहाँहरुले छलफल गर्नुभएको हो ।

नेपालमा मल कारखाना खोल्नेमा उहाँहरुभित्र आफूहरुले गम्भिर्यता देखेको बताउँदै उहाँले भारतीय पक्षको चाहना तराई मधेश खासगरि मधेश प्रदेशमै कारखाना खोल्न पाए हुन्थ्यो भनि हो त्यस विषयमा उहाँहरुले कुरा पनि राख्नु भएको बताउनुभयो । सबभन्दा बढी मल खपत हुने ठाउँ मधेश प्रदेश हो भन्दै उहाँहरुले त्यहाँ कारखाना स्थापना गर्न सकियो भने त्यहाँबाट भारत निर्यात गर्न पनि सजिलो हुने धारणा राखेको निर्देशक पाण्डेले बताउनुभयो ।

नेपालसँग जोडिएका भारतका नजिकका राज्य (प्रदेश)लाई नेपालबाट नै मल आपूर्ती गर्ने सोच उहाँहरुको रहेको छ । कृषि प्रयोजनमा मात्र वार्षिक साढे तीन लाख मेट्रिक टन मल खपत हुने गरेको तथ्यांक नार्कले दिएको छ । नेपाल कृषि सामग्री केन्द्र र साल्ट ट्रेडिङ कर्पोरेशनले टेण्डर गरी मल ल्याएर बिक्रि वितरण गर्ने मलको तथ्याङ्क हो यो । तर त्यसबाहेक अन्य बाटोबाट पनि नेपाल मल आउने गरेका छन् र कृषि प्रयोजनबाहेक अन्य कार्यका लागि पनि मल प्रयोग हुने गरेका छन् । कृषि मन्त्रालयले तयार पारेको एक तथ्यांक अनुसार नेपालमा १३-१४ लाख मेट्रिक टन मल खपत हुने गरेका छन् ।

तर त्यसको आधिकारिता कतै छैन । निर्देशक पाण्डेले भन्नुभयो, 'नेपालले निर्यात गरी बिक्रि वितरण गर्ने तथ्यांक नै हामीसँग रहेको छ । यसको बारेमा भारतीय पक्षलाई पनि जानकारी गराई सकेका छौं ।' भारतबाट आएका प्रतिनिधिहरुले समेत साढे तीन लाखभन्दा धरै बढी मल नेपालमा खपत हुने गरेको कुरा आफूहरुको जानकारीमा रहेको धारणा छलफलमै राखेको निर्देशक पाण्डेले बताउनुभयो ।

मल कारखाना ग्यासबाट सञ्चालन गर्ने हो, त्यो नेपाल कसरी ल्याउने, नेपालमा उत्पादन गरेपछि भारतको सीमा क्षेत्रमा निर्यात गर्न दिन्छन् कि दिँदैन, तराई मधेशको समथल भूभागमा कारखाना खोल्न दिन्छ कि दिँदैन भनि जिज्ञासा भारतीय पक्षको रहेको नार्कले जनाएको छ ।

भारतबाट आएका प्रतिनिधिहरुले सरोकारबालाहरुसँग छलफल गरी सामान्य जानकारी लिएर फर्केका छन् । त्यसको बारेमा थप अध्ययन अनुसन्धान गर्न दुवै देशको तर्फबाट कार्यदल चाँडै बन्ने बताइएको छ । छलफलमा नार्कका कार्यकारी निर्देशक डा.ध्रुवराज भट्टराई नेतृत्वको प्रतिनिधि र भारतका मल मन्त्रालयका तर्फबाट रासायन विभागका निर्देशक निराजन लाल नेतृत्वको प्रतिनिधिबिच असोज २५ गते छलफल भएको थियो ।


















## समाचार/विविध

# शिवनारायणले शिक्षाका...

दिनपछि उहाँले त्यहाँ प्रगतिशिल कोचिङ सेन्टर खोलेर गरिब विद्यार्थीहरुलाई फ्रिमा पढाउन थाल्नुभयो । त्यसले त्यहाँको स्थानीयमा उहाँको सम्मान झन बढ्यो । उहाँले त्यति नै बेला (२०५४) एमएससीको ब्याक पेपर पनि पास गर्नुभयो । त्यो स्कुलमा डेढ वर्ष पढाउनुभयो । कलेज पढाउनु पर्छ भन्दै त्यो स्कुल छाड्नुभयो ।

**पाटन कलेजमा पार्टटाइम**

स्कुलले उहाँलाई छाड्न चाहेको थिएन । बरु सुविधा थप दिन्छु तर नछाड्नुस् भनि पटक पटक आग्रह गरिएको थियो तर शिवनारायणले कलेज पढाउने भनेर त्यहाँबाट काठमाडौं आउनुभयो । काठमाडौंको पाटन क्याम्पसमा गएर पार्टटाइम पढाउन थाल्नुभयो । तर त्यहाँबाट आउने पैसाले शिवनारायणलाई काठमाडौंमा टिक्न गाह्रो भयो । बरु नुवाकोट ठिक थियो । उहाँले यस बारेमा शिवराम यादवसँग सल्लाह गर्नुभयो । शिवरामले सप्तरी जान सुझाव दिनुभयो । त्यहाँकै कुनै कलेजमा पढाउँदा राम्रो हुने सुझाव दिएपछि शिवनारायण सप्तरी फर्किनुभयो । राजविराजको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा त्यतिबेला बीएससी पनि सुरु भइसकेको थियो । उहाँले सो क्याम्पसका प्रिन्सिपललाई गएर भेट्नुभयो र जागिरका लागि आग्रह गर्नुभएको थियो ।

प्रिन्सिपललाई लाग्यो कि बीएससीमा पढाउन सक्दैन । त्यहीं भएर के गर्न सकिन्छ, यस बारेमा पछि कुरा गरौला भनि उहाँलाई फर्काइ दिनुभएको थियो । शिवनारायणका एक जना साथीले उहाँलाई लिएर रेणु यादवलाई भेट्न जानुभएको थियो । रेणु यादव त्यतिबेला राप्रपामा हुनुहुन्थ्यो । विन्देश्वरी कलेजका दाता परिवारका भएका कारणले उहाँले भनेपछि कलेजमा जागिर पाइन्छ कि कि भनि आशले उहाँ त्यहाँ जानुभएको थियो ।

तर रेणुले आफूले भनेर हुँदैन, आफ्नो कुरा त्यहाँ चल्दैन जस्ता कुरा गर्दै चुनाव लगायतको विषय पनि कुरा उठाउनु भएको थियो । शिवनारायणलाई तपाईको गाउँबाट कति जनाले मत दिएका थिए जस्ता प्रश्न पनि उहाँले गर्नुभएको थियो । यस्तै कुराकानीका कारण त्यहाँ दुवै जनामा केही भनाभन समेत भएको थियो । अवस्था बिग्रिदै गएपछि शिवनारायणलाई व्यक्तिहरुले समातेर त्यहाँबाट निकालेका थिए । त्यतिबेला रेणु भर्खर चुनाव हार्नुभएको थियो । त्यसको पनि पीडा थियो ।

**विन्देश्वरीमा जागिर**

तीन चार दिनपछि शिवनारायण फेरि बिन्देश्वरी कलेजमा जानुभयो । प्रिन्सिपलले अहिले नियुक्ति दिन सकिदैन, क्लाशमा पढाउनुस् विद्यार्थी सन्तुष्ट भए भने मात्र नियुक्ति दिन सकिन्छ भन्नुभएको थियो । बीएससीमा पढाउन सक्छु भनि शिवनारायणमा कन्फिडेन्स थियो । क्लासमा जानुभयो । दुब्लो पातलो भर्खरका शिवनारायणलाई विद्यार्थीहरुले पत्याइ रहेका थिएनन् ।

उहाँले पढाउन थालेपछि विद्यार्थीहरु भित्र बाहिर, भित्र बाहिर गर्न थालेका थिए । त्यो दिन त्यस्तै भयो । अर्को दिन सेकेण्ड इयरको क्लाशमा उहाँ जानुभयो । त्यहाँ पढाए पनि विद्यार्थीहरु सन्तुष्ट भए र प्रिन्सिपललाई यहीं टिचर चाहिन्छ भनि माग पनि गरे । शिवनारायणले त्यही दिन (२०५५) नियुक्ति पाउनुभयो ।

कलेजमा पढाउनुको साथै उहाँले राजविराजमा ट्युशन पनि सुरु गर्नुभएको थियो । कलेजमा पढाएर आएपछि बाँकी समय ट्युशनमै बित्थ्यो उहाँको । एकछिन पनि फुर्सद हुँदैन्थ्यो । विहान चार वजेदेखि राती आठ वजेसम्म ट्युशन पढाउनु हुन्थ्यो । तर पैसा नहुने गरिब विद्यार्थीलाई उहाँले फ्रि पढाउनु हुन्थ्यो । कलेजमा पाँच वर्षसम्म पढाए पछि उहाँ २०६० मा स्थायी हुनुभयो ।

माओवादी निकटको एउटा संगठनको काम लिएर २०६५ सालमा उहाँ काठमाडौं आउनुभएको थियो । उहाँले भरत पोखरेलाई भेटनु भयो । सो भेटमा उहाँले आफू पीएचडी गर्ने चाहेको र त्यसका लागि काठमाडौं सरुवा गराउनमा सहयोग गर्न आग्रह गर्नुभएको थियो । भरत पोखरेलले तपाई जस्ता व्यक्ति मधेशमै चाहिन्छ तर पीएचडी नै गर्न चाहनु भएको छ भने काठमाडौ आउनुस् भन्नुभएको थियो । त्यसपछि शिवनारायणलाई टियु अनुगमन समितिमा काजमा खटाईयो । समितिको सदस्यको रुपमा उहाँ विभिन्न कलेजहरुमा अनुगमनमा जानुहुन्थ्यो जुन उहाँलाई मन परिरहेको थिएन । सबै प्रशासनिक काम थियो, अनेक झुठ फुस बोल्नुपर्थ्यो । उहाँले डेढ वर्ष पनि त्यहाँ टिक्नु भएन समितिबाट राजिनामा दिनुभयो । उहाँले त्यही वर्ष विशिष्ट सेवा पुरस्कारबाट पनि सम्मानित हुनुभएको थियो । समिति छाडेपछि उहाँ राजविराज नै फर्किनुभयो । केही समय त्यहाँ काम गरेपछि उहाँ काठमाडौ आएर पीएचडीको तयारीमा लाग्नुभयो । उहाँको सुपरभाइजर विनिल आर्याल हुनुहुन्थ्यो । साइन्सका तगडा प्रोफेसर भएपनि शिवनारायणलाई कम्युटर सम्बन्धी ज्ञान थिएन । उहाँले कम्प्युटर इन्स्टिच्युटमा गएर त्यो पनि सिक्नुभयो । पीएचडीको प्रोपोजल पास भयो । उहाँले स्पेश साइन्समा पीएचडी गर्न थाल्नुभयो ।

तर काठमाडौंमा कलेजबाट आउने तलबले पुगिरहेको थिएन । त्यतिबेला उहाँको तलब ४२ सय थियो । खर्चमा समस्या हुन थालेपछि उहाँ शिवराम यादवको डेरामा बस्न थाल्नुभयो । सात आठ महिना शिवरामको साथमा बस्नुभयो । तलब वृद्धि भएर ७६ सय पुग्यो । पेन्टागनलगायत अन्य ठाउँमा पढाउन पनि थाल्नुभयो । आर्थिक अवस्था सुधार हुँदै गएपछि उहाँले आफ्नै डेरा लिनुभयो र साथमा श्रीमती र बालबच्चालाई पनि राख्नु थाल्नुभयो । पीएचडीको रिजल्ट आउनु भन्दा पहिले नै उहाँको प्रमोशन भयो । २०७३ मा पीएचडी सकाएपछि पाटन क्याम्पसमा २०७४ मा पदस्थापना भयो र त्यहाँ एमएससीका विद्यार्थीलाई पढाउन थाल्नुभयो । पाटन क्याम्पसमा एमएससी पढाउने शर्तमा नै उहाँलाई त्यहाँ राखिएको थियो । २०७९ मा उहाँ पाटन क्याम्पसबाट टीयुमा सरुवा भयो । हालसम्म त्यही हुनुहुन्छ ।

**नौ कक्षामा नै कम्युनिष्टको सदस्यता**

शिवनारायण नौ कक्षामा पढ्दा नै जयकृष्ण गोइतबाट कम्युनिष्ट पार्टी मानन्धर समूहको सदस्यता लिनुभएको थियो । शिवनारायण भन्नुहुन्छ, 'गोइतजीले के को सदस्यता दिनुभयो त्यो मलाई त्यतिबेला थाह थिएन, यति मात्र थाह थियो कि धनी तथा सामन्तीको विरुद्धमा लड्नुपर्छ अन्य अत्याचारको विरुद्धमा बोल्नुपर्छ ।' २०४५ सालमा गाउँका सामन्तीहरु धान दिएकाहरुसँग जबर्जस्ती उठाउँथे, उहाँ भन्नुहुन्छ, 'एक मन धान दिएपछि तुरुन्तै डेढ मन, दुई मन धान माग्थे दिएन भने आफै घरमा पसेर कोठी फोडेर लग्थे, कुटपिट पनि गर्थे त्यस्तो मेरो घरमा पनि भएको थियो त्यसका लागि पनि मैले गाउँमा अवाज उठाएका थिए ।' बहुदल आइसकेपछि जनकपुरमा अध्ययनरत रहँदा अनेर ास्वियुमा उम्मेदवारी दिन जाँदा नेविसंघबालाहरुले रोकेका थिए । त्यतिबेला अखिल र नेवि संघबीच ठूलो संघर्ष चलेको थियो, जनकपुरमा । २०५४ मा मध्यावधी चुनाव भयो । त्यसबाट एमालेको नौ महिने सरकार बन्यो ।

**यसरी बन्नुभयो माओवादी**

एमालेले जसरी सरकार चलाउथ्यो, त्यसमा शिवनारायणको चित्त बुझिरहेको थिएन । पछि एमाले विभाजन भएर माले बन्दा शिवराम यादवका साथमा उहाँ पनि मालेमा जानुभयो । पछि माले पनि एमालेमा मिल्यो तर शिवनारायण एमालेमा जानुभएन । उहाँ स्वतन्त्र हुनुभयो । र, भित्रभित्रै माओवादीलाई सघाउन थाल्नुभयो । माओवादीको सुचना (चिठीपत्र) अदान प्रदान गर्न थाल्नुभयो । राज्यलाई उहाँमाथि माओवादीको शंका थियो । धेरै पटक उहाँको घरमा खानतलासी पनि भयो तर कुनै प्रमाण भेटिरहेको थिएन तर उहाँ माओवादीका लागि काम गरिरहनु भएको छ भनि धेरैले थाह पाइसकेका थिए । शिवनारायण माओवादीमा कहिले भूमीगत हुनभएन ।

आयोधीप्रसाद यादव (निर्वाचन आयोगका पूर्व प्रमुख आयुक्त), सत्यमोहन जोशीलगायतसँग मिलेर शिवनारायणले एउटा टिम बनाउनुभएको थियो । उहाँहरु पनि माओवादी समर्थक हुनुहुन्थ्यो । बाहिर देखिने गरि बुद्धिजिवी संगठन पनि उहाँहरुले बनाउनु भएको थियो तर खासमा त्यो संगठनले माओवादीका लागि काम गरिरहेको थियो । एक समय एउटा कुनै विषयमा माओवादीले त्यो संगठनबाट विज्ञप्ति जारी गर्न भन्दा अयोधी यादवले मान्नुभएन थिएन । अयोधीले त्यो संगठनलाई बाहिर माओवादी निकट रहेको देखाउन चाहनु भएको थिएन । २०६४ मा शिवनारायणले राजविराजमा नेपाल राष्ट्रिय प्रध्यापक संगठन बनाउनुभयो । त्यो संगठन पनि माओवादी निकट थियो । यसरी माओवादीभित्र प्रध्यापकको संगठन पहिलो पटक राजविराजमा शिवनारायणले नै गठन गर्नुभएको थियो । माओवादीको केन्द्रमा प्रध्यापकहरुको कुनै संगठन थिएन । माओवादी निकट प्रध्यापकहरु प्रगतिशिल प्रध्यापक संगठनमा आवद्ध थिए त्यहाँ अन्य कम्युनिष्ट पार्टी निकट प्रध्यापकहरु पनि आवद्ध थिए । पछि केन्द्रमा पनि माओवादीले नेपाल राष्ट्रिय प्रध्यापक संगठन बनायो । शिवनारायण सो संगठनको केन्द्रीय सदस्य बन्नुभयो । र सप्तरीमा गठन भएको नेपाल राष्ट्रिय बुद्धिजिवी संगठनको अध्यक्ष बन्नुभयो ।

**बैद्यलाई साथ**

२०६९ मा तत्कालिन माओवादीबाट मोहन वैद्य किरण समूह अलग हुँदा शिवनारायण यादव पनि शिवराम यादवको साथमा सो समूहमा जानुभयो । त्यहाँ प्रध्यापक संगठनको महासचिव हुनुभयो । टीयुभित्रको विश्व विद्यालय प्रध्यापक संघको केन्द्रीय सदस्य पनि हुनुभयो । सो समूहमा सात आठ वर्ष काम गर्नुभयो तर मोहन वैद्य पनि यथास्थितिमा हिड्न थालेको भन्दै शिवनारायण सो समूह छाडेर २०७७ सालमा पुनः प्रचण्ड नेतृत्वको माओवादी केन्द्रमा फर्किनुभयो । उहाँ अहिले सो पार्टीमा नेपाल राष्ट्रिय प्रध्यापक संगठनको कार्यालय सदस्य र सम्पर्क समन्वय प्रदेश समितिको सदस्य रहनु भएको छ ।

**आफ्नै कलेज स्थापना**

२०६४ मा राजविराजको कलेजमा पढाई रहँदा त्यहाँका विभिन्न १३ जना साथीसँग मिलेर पराडाइज कोचिङ सेन्टर खोल्नुभएको थियो । त्यो कोचिङ सेन्टरमा माओवादी सहिद, मधेश आन्दोलनका सहिद तथा घाइतेका बच्चालाई निशुल्क पढाईन्थ्यो । अन्य गरिब विद्यार्थीलाई पनि अवस्था हेरेर सहुलियतमा पढाउने गरिन्थ्यो । एक डेढ वर्षपछि सो कोचिङ सेन्टर कलेजमा रुपान्तरण भयो । उहाँले त्यहाँ पनि सहिद तथा घाइते परिवारका बच्चालाई निशुल्क पढाउनुभयो । गरिब तथा जेहेन्दार विद्यार्थीका लागि निशुल्क शिक्षाको व्यवस्था गर्नुभयो । गुणस्तर शिक्षामा जोड दिएपछि थोरै दिनमा सो कलेज निकै राइज गर्‍यो ।

तर पछि शिवनारायण पीएचडी गर्न काठमाडौ आएपछि कलेज कमजोर भयो । पछि फेरि सुधार हुँदै गयो । शिवनाराण काठमाडौंमा भएपनि बेलाबेला सप्तरी कलेजमा जानुहुन्छ । उहाँले अहिले सो कलेजबाट कुनै सुविधा लिनु हुन्न । काठमाडौबाट साँझ अनलाइन पढाउनुहुन्छ । शिवनारायण अहिले काठमाडौको गैरी गाउँमा साथीहरुसँग मिलेर अन्नपूर्ण विनायक स्कूल (एभिएस)कलेज खोल्नु भएको छ । त्यसको उहाँ प्रिन्सिपल हुनुहुन्छ । उहाँले टियुबाहेक अधिकाँश समय एभिएसमा नै दिनुहुन्छ । यो कलेजलाई पनि गुणस्तरीय र उत्कृष्ट कलेज बनाउने चाहना उहाँको रहेको छ ।

**परिवार**

बुवा गुदर यादव, आमा किसनीदेवी यादवको जेठो सन्तानका रुपमा जन्म लिनुभएका शिवनारायणका एक जना भाइ शिवशंकर यादव आयुर्वेदका डाक्टर हुनुहुन्छ भने एक जना बहिनी हुनुहुन्छ । उहाँले २०५१ मा जनकपुरका सीमा यादवसँग बिहे गर्नुभएको हो । सीमा यादव १० कक्षा पास गर्नुभएको छ र गृहणी हुनुहुन्छ । उहाँका एक छोरी निविता यादव नर्सिङ र छोरा निश्चय यादव इञ्जिनियरिङ पढ्दैछन् ।


**सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं**

**सामाजिक सञ्जालमा :**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावना खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठान र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोग लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदशर्न गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

*जस्ता विषयवस्तु पोष्ट वा शेयर गर्नु हुँदैन । त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार